# अध्याय १

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

समाजशास्त्रीय दृष्टिकोणमा समाज एउटा बृहत अवधारणा हो यस भित्र व्यक्तिहरु, संस्थाहरु, समूहहरु लगायत अनेकौं तह र पक्ष रहेका हुन्छन् यिनै पक्षका बीचको सम्बन्ध, व्यवहार र अन्तरक्रिया नै वास्तममा समाज हो । यसैले समाज सामाजिक सम्बन्धको सञ्जाल हो ।  मानव समाज भन्नासाथ मानव मानववीच अन्तक्रिया भएर सृजना भएको सामाजिक, आर्थिक, साँस्कृतिक धार्मिक, कानूनी व्यक्तिगत तथा भावनात्मक सम्बन्ध भन्ने कुराको बोध  हुन्छ । मानिस सामाजिक प्राणी भएकोले स्वभावैले मानव जीवनभर गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा मनोरन्जन जस्ता कुराहरुमा समाजमा निर्भर रहन्छ । मानिस जन्मनुभन्दा आघि नै समाज अविछिन्न रुपमा रहीरहेको हुनाले समाजले जीवनभर व्यक्तिलाई प्रभावित पारी नै रहन्छ । त्यसैले समाज समय सँगसँगै अत्यन्त गतिशील र परिवर्तनशील हुन्छ ।

नेपाल अधिराज्यको हरेक भाग हिमालदेखि मधेश महाकाली देखि मेचीसम्म जहाँ गए पनि पाइने जात वाहुन क्षेत्री पछि थोरै सँख्यामा रहे पनि झण्डै बाहुन क्षेत्री झै छरिएर बसेको जात दमाई कामी पनि हो ।                                          (विष्ट : २०३९:१७)

विभिन्न धर्म मान्ने जाती, जनजातीहरुको संस्कृति पनि भिन्न भिन्न हुने गर्दछन् । यसरी जातीय विभाजनको बारेमा चर्चा गर्दा हिन्दु धर्मको धार्मिक वर्ण व्यवस्था अनुसार समाजलाई चार भागमा विभाजन गरिएको छ । जस्तैः

१. ब्राम्हण : जसले पठन-पाठन पूजा-आजा गर्ने ।

२. क्षेत्री : खेती, सरकारी सेनामा आवद्ध हुने ।

३. वैश्य : व्यापार गर्ने, खेती, किसानी गर्ने ।

४. शुद्र : उच्च जातिको सेवा गर्ने, निम्न ज्यालामा काम गर्ने ।

हिन्दु धर्मको वर्ण व्यवस्था बाहेक नेपालको पुरानो मुलुकी ऐन १९१० ले पनि नेपाली समाजलाई पुनः जातीय विभाजन गऱ्यो । जो निम्न प्रकार छः

(१) तागाधारी अर्थात जनै लगाउने (वाहुन, क्षेत्री)

(२) मतवाली अर्थात : जनजाति जो जाँड रक्सी खान्छन् । (राई, लिम्बु, शेर्पा, तामाङ, थारु आदि)

(३) पानी नचल्ने तर छोई छिटो हाल्नु नपर्ने (मुसलमान, कसाई)

(४) पानी नचल्ने । छोइ छिटो हाल्नु पर्ने (दलितहरु)

नेपाल जातजातीहरुको संगम स्थल हो । जहाँ आफ्नो पहिचान कायम राख्न विभिन्न जाती, धर्म, संस्कृति, पेशाहरु विद्यमान छन् । वंशाणुगत र परम्परागत रुपमा हेर्ने हो भने प्राय सबै जातजातीहरु प्राचीनकालदेखि नै कृषि पेशा तथा पशुपालनमा संलग्न रहँदै आएको पाइन्छ । कुनै कुनै जातजातीहरु आफ्नो छुट्टै पहिचान राख्दै आएको छन् । जसमध्ये दलित वर्गलाई लिन सकिन्छ । तर पनि यिनीहरु कृषि पेशाबाट पूर्ण रुपमा अलग हुन सकेका छैनन् । नेपालको पूर्व मेची देखि पश्चिम महाकालीसम्म छरिएर रहेका दलित जाति पनि विभिन्न भागमा बाँडिएका छन् ।

(१) पहाडे दलित - कामी, सुनुवार, विश्वकर्मा, दमाई, नेपाली, सार्की, वादी, धोवी आदि ।

(२) नेवारी दलित - कसाई, पोडे, च्यामे, नापित आदि ।

(३) तराई दलित - सतार, सन्थाल, मुसहर, किच्चक, किसान, गन्धर्व, तत्मा, ताँती, तोरी, दुसाध, भिर, सिखर, मुण्डा, हलखोर आदि । (के.सी. २०६३)

वर्तमान समयमा दलित भन्नाले दविएका थिचिएका, शोषित, पिडित वन्चितीकरणमा परेका, लिच्छविकालिन समयदेखि हालसम्म छुवाछुतको व्यवहार भोगेका हिन्दु धार्मिक वर्ण व्यवस्थामा शुद्र भनि किटान गरिएका वर्ग सम्प्रदायको प्रर्यायवाची नाम हो । कूल जनसँख्याको १३ प्रतिशत जनसँख्या रहेको यो जाति सामाजिक, आर्थिक, साँस्कृतिक र राजनैतिक रुपले नै पिछडिएको जातिय समुह हो ।

नेपाल पितृसतात्मक समाज हो । यहाँ महिलाको भन्दा पुरुषको हैसियत हरेक क्षेत्रमा उच्च रहेको पाइन्छ ।

कूल जनसँख्याको आधा हिस्सा ओगट्ने माहिलाहरु प्रायः जसो आफ्नो हक र अधिकारबाट बन्चित छन् । घरधन्दा यस्तो एउटा सँस्थाको रुपमा परिचित छ जहाँ महिलाहरु अत्याधिक रुपमा शोषित, पिडित र स्रोत साधनबाट वन्चित अवस्थामा छन् । महिलालाई असक्त, अबला, असक्षम कमजोर आदि उपनाम दिइन्छ, जसले महिलालाई पुरुषको अनुपातमा पछाडी पार्ने काम गर्दछ र महिलालाई जहिले पनि दोस्रो दर्जाको रुपमा व्यवहार गरिन्छ । (सापकोटा, २०६६)

२०५८ सालको जनगणना अनुसार नेपालको कूल जनसँख्या २३१५१४२३ छ भने महिलाको कुल जनसँख्या ११५८७५०२ र पुरुषको कुल जनसँख्या ११५६३९२१ छ । कुल जनसँख्याको १३ प्रतिशत जनसँख्या ओगटेको दलित समुदायको कुल जनसँख्या ३०३००६७ छ भने यसमा दलित पुरुषको कुल जनसँख्या १५,००३६७ र दलित महिलाको कूल जनसँख्या १५२९७०० छ । यसरी राष्ट्रको कूल जनसँख्याको १३ प्रतिशत जनसँख्या दलितको छ भने राष्ट्रको कूल जनसँख्याको लगभग ७ प्रतिशत जनसँख्या दलित महिलाको छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६०)

देशको कूल जनसँख्याको लगभग ७ प्रतिशत जनसँख्या दलित महिलाहरुको छ । महिला भएकै कारण र त्यसमा पनि दलित महिला भएकाले समाजमा दोहोरो पीडा खेपिरहेका छन् । दलित महिलाहरुको पोल्टामा दुःख पीडाहरु सामाजिक भेदभाव, छुवाछुत, नीचता,

आर्थिक विपन्नता, सामाजिक बहिष्करण, राजनैतिक भेदभाव र वहिष्करण आदि दलित महिलाहरुले दैनिक खेप्नु पर्ने समस्याहरु हुन् । (बि.क., २०६५)

आजभोलिको विकासशील समाजमा नारी हक र अधिकारका लागि विभिन्न आन्दोलन भैरहेका छन् जसको फलस्वरुप महिला शसक्तिकरणको नाराहरु प्रसस्तै सुन्न पाइन्छ । नियम कानूनमा पनि महिलाको विकासका लागि विभिन्न दफा, उपदफा र बुँदाहरु समावेश गरिएको छ । सरकारी सेवामा महिलाको विशेष कार्य राखिएको हुन्छ, विभिन्न राजनैतिक दलहरुले आफ्नो चुनावी नारा महिला दिदी बहिनीहरुलाई अगाडी बढाउने भनि विभिन्न किसिमका घोषणापत्र तयार पारेका हुन्छन् भने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले पनि महिला विकास, महिला शसक्तिकरणको नाममा मोटो रकम खर्च गरिरहेका छन् । यसरी महिलालाई अगाडी बढाउनको लागि चौतर्फि प्रयास गरिए पनि यस्तो अवसरको फाइदा उठाउनेहरुमा उच्च जात कहलिएका र टाठा बाठाहरु नै हुने गर्दछन् । यस्ता कार्यक्रमहरुबाट दलित जातिका महिलाहरुले फाइदा लिन सकिरहेका छैनन् । दलित महिलाहरुका लागि भनेर तयार पारिएको कार्यक्रम पनि उनीहरुसम्म पुगिरहेको हुँदैन ।

समाजमा भेदभाव, छुवाछुत, सार्वजनिक स्थानमा बहिष्कार, राजनैतिक, आर्थिक अवसरहरुबाट बन्चित गर्नु र गराउनु दुबै अपराध मानिन्छ र सजाय पनि दिइन्छ तर यी सबै किसिमका अवसरबाट दलित महिलाहरु लगभग पूर्ण रुपमा बञ्चित छन् । नेपालको कानूनमा छुवाछुत पूर्ण रुपले हटाएको बर्षौ वितिसक्दा पनि समाजमा यसको कार्यान्वयन पूर्ण रुपमा हुन नसक्दा घर गाउँमा सीमित रहेर जीवन विताइरहेका दलित महिलालाई यसले सबैभन्दा बढी प्रभाव पारेको छ । समाजमा रहेर पनि अन्य महिला जति अधिकार पाउन सकेका छैनन् । श्रोत र साधनलाई उपभोग गर्नबाट दलित महिलाहरु बञ्चित छन् ।

## १.२ समस्याको कथन

बहुभाषी, बहुधार्मिक, साँस्कृतिक विभिन्नताले भरिपूर्ण यस देशमा हिन्दु धार्मिक वर्ण व्यवस्थामा शुद्र भनी किटान गरिएको वर्ग समुदायलाई दलित वर्ग भनिन्छ । तर वर्तमान

समयमा यो शब्दलाई परिभाषित गर्दा वि.सं. १९१० को मुलुकी ऐनको जातिय विभाजनलाई लिन सकिन्छ । मुलुकी ऐन अनुसार “पानी नचल्ने छोइछिटो हाल्नु पर्ने” भनि दलितलाई परिभाषित गरिएको छ ।

यसरी परापूर्वकालदेखि नै दलित जातिको उपस्थिति रहे पनि यिनीहरुको सामाजिक, आर्थिक रुपमा सुधार आउन सकेको छैन । धार्मिक रुपमा पनि दलितलाई तल्लो, जातिमा राखि अलग्गै भेदभावपूर्ण व्यवहार गरिन्छ । परम्परादेखि नै आएको छुवाछुत जस्तो कुरीतिले दलित पुरुष भन्दा महिलाहरु बढी पिडित देखिन्छन् । कतिपय पुरुषहरु कामको खोजीमा घर बाहिर वा आफ्नो गाउँठाउँबाट बाहिर जान्छन् र नाम परिवर्तन गरेर व्यक्तित्व विकास गर्ने हुनाले उनीहरुलाई चिनेजानेका उच्च जातिले नै भेदभाव गर्ने गर्दछन् । विभिन्न सामाजिक कार्यक्रमहरु बिभिन्न सार्वजनिक स्थानहरु, विभिन्न प्राकृतिक श्रोत र साधनहरु आदिको प्रयोग गर्नबाट पनि बञ्चित गरिरहेका हुन्छन् । उच्च जातिले बिभिन्न बाहानामा दलित भएकै कारण शोषण, भेदभाव गरिरहेका हुन्छन् ।

दलित महिलालाई अगाडी बढाउनको लागि, शिक्षित बनाउनको लागि, आर्थिक रुपले सवल बनाउनको लागि सरकार, राजनैतिक दल, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुले बिभिन्न प्रयासहरु गरिरहेका भए पनि यसबाट नगन्य मात्रामा फाइदा पाएका छन् भने यसबाट सोचे जति फाइदा नहुनुको कारण बिभिन्न बिकास योजनामा दलित महिलाको संलग्नता नगराइनुलाई मान्न सकिनछ भने अर्को पक्ष दलित वा दलित महिलाहरु सामाजिक वहिष्करणको शिकार भैरहेका छन् ।

सामाजिक कुरीति र कुसंस्कारको रुपमा रहेको छुवाछुत, भेदभाव, गरिवी, लिङ्गमा आधारित हिंसा आदि सबै किसिमका पीडादायक पक्षबाट दलित महिलाहरु निकै पिडित देखिन्छन् । सम्पत्ती नहुनु, भए पनि सम्पत्तिमा पहुँच नहुनु र सदुपयोग गर्न नपाउनु, भोट खसाल्ने अधिकारलाई स्वतन्त्र रुपले उपयोग गर्न नपाउनु, अशिक्षाको कारणले चुनावमा सही उम्मेदवार चयन गर्न नसक्नु जस्ता समस्याहरु दलित महिलामा पाइन्छ ।

यस कारण सामाजिक आर्थिक र राजनैतिक पक्षबाट अलगिएर दलित महिला समाजमा बस्नु परेको कारण के हो? यिनीहरुको पेशा के छ? पेशामा परिवर्तन के कति आएका छन् ? त्यसको कारण के हो? आर्थिक स्थिति कमजोर हुनुको कारण के हो? भन्ने जस्ता प्रश्नहरु उठेका छन् ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सल्यान जिल्लाको डाँडागाउ गा.वि.स. को वडा नं. ७ र ९ का दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक पक्षहरुको अध्ययन गरी ती पक्षमा भएको सामाजिक, आर्थिक र राजनैतिक बंचीतिकरणलाई बाहिर ल्याई दलित महिलाहरुको संक्षिप्त चिनारी गराउनु हो । यस अध्ययनको विशेष उद्देश्यलाई निम्न तहमा पनि देखाउन सकिन्छ ।

(१) दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्था र पहुँच पत्ता लगाउने ।

(२) दलित महिलाले सामाजिक, आर्थिक राजनैतिक रुपले बञ्चित तथा बहिष्कृत हुनुपर्ने कारण र त्यस्तो कार्यको प्रभाव पत्ता लगाउन ।

## १.४ अध्ययनको महत्व

नेपालको कूल जनसँख्याको १३ प्रतिशत जनसँख्या दलितको छ भने कूल दलितको जनसँख्याको आधाजनसँख्या दलित महिलाको छ । दलित महिलाहरु व्यापक गरिबी र अशिक्षाले गर्दा उनीहरुको जीवन कठोर र जड बन्दै गएको छ । समाजमा अछुत मानिने यी जातिहरु उच्च जाति कहलिएका तागाधारीहरुको आसपासमा बसोवास गर्दै आएको भए तापनि यिनीहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्था उत्तिकै दर्दनाक छ ।

सरकारले, राजनैतिक दलले दलितका लागि भनेर १३ प्रतिशत कोटा छुट्याएको छ । तर यसले पनि दलित मध्येकै उच्च र टाठा बाठा दलितलाई नै फाइदा पुऱ्याएको छ । देशमा प्रजातन्त्रको पुर्नस्थापना भएको दुई दशक वितिसक्दा र देशमा गणतन्त्र स्थापना भएको

अवस्थामा दलित महिलाहरु बाँच्नको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताबाट समेत बञ्चित अवस्थामा  छन् । समाजमा दलित महिलालाई विवाह, भोज, पुजा पाठमा स्वीकार गर्दैनन् । आर्थिक क्रियाकलापमा अधिकार छैन र राजनैतिक क्रियाकलामा पहुँच नहुनु यिनीहरुको विशेषता भैसकेको छ । त्यसकारण यस अध्ययनले डाँडागाउँ गा.वि.स. अन्तर्गत बसोवास गर्ने दलित महिलाहरुको सामाजिक आर्थिक र राजनैतिक बहिष्करणको अवस्थाको बारेमा जानकारी पाउन सयोग पुऱ्याउनुको साथै यी महिलाहरुको वारेमा भविष्यमा अध्ययन गर्न चाहने स्वदेशी तथा विदेशी विद्वानहरुलाई, अनुसन्धान कर्ताहरुलाई समाजशास्त्र तथा मानवशास्त्रका शोधपत्र प्रस्तुत गर्ने छात्र-छात्राहरुलाई, गैर सरकरी संघ संस्थाहरुलाई सहयोग पुऱ्याउनेछ । यसले बञ्चित दलित महिलाको आर्थिक, राजनैतिक र सामाजिक अवस्थामा सुधार ल्याई उनीहरुलाई सामाजिक सम्मान दिनु र उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउन सरकारलाई बिभिन्न नीति नियम बनाउन पनि सहयोग पुऱ्याउने छ भन्ने आशा गरिएको छ । वर्तमान अवस्थामा देशले उठाउन खोजेको समावेशी समाजको स्थापनाको मुद्दामा दलितहरुको अवस्था र भूमिकालाई यस अध्ययनले समेट्न खोजेको छ ।

# अध्याय २

## सन्दर्भ साहित्यको अध्ययन

विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । लैङ्गिक भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधिनस्थ गराउने पितृसतात्मक सामाजिक सँस्थाको सोच हो । (भासिन, २००२)

दलितहरुले उपभोक्ता समुह, व्यवस्थापन समिति, आमा समुह लगायतका सामुदायिक संस्थाहरुको नेतृत्व विभेद भोग्दै आएका छन् । सामुदायिक, संस्थाहरुमा के कस्तो सहभागिता छ, यो नै विकासमा सभागिताको एउटा राम्रो सुचक हो । स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार १८ वटा दलित जात मध्ये ९ जातीय समुदायका दलितहरुलाई नीति निर्णय गर्ने भूमिका नदिएर देखाउनका लागि मात्र प्रतिनिधित्व गराउने प्रवृत्ति रहेको । (भट्टचन, सुनार र गौचन, २००८)

संवैधानिक व्यवस्था र व्यवहारिक स्थितिलाई अध्ययन गर्दा Bennett को (Status of women in Nepal, background Report) (1984:7) ले नेपाली कानून हिन्दु धर्मशास्त्र र रीतिस्थितिबाट प्रभावित हुँदै आएको परिवर्तित रुप हो । अप्रत्यक्ष रुपमा भए पनि नेपाली कानूनमा धर्मशास्त्रीको प्रभाव रहेको देखिन्छ । त्यसैले धर्मशास्त्रले मानिसहरुको सामान्य सामाजिक र नैतिक मान्यताहरुको रुप दिने काम गर्दछ । तसर्थ महिला जातजाति बिच कानूनी समानता दिने कानूनहरु व्यवहारिक रुपमा प्रयोगमा आउन धेरै समय लाग्दछ । "हाम्रो सामाजिक संरचना र व्यवहार अहिले पनि हिन्दु धर्म र ब्राम्ह्णवादी सोचबाट अभिप्रेरित रहेको छ ।" (भट्टचन, २०५८:१८१)

महिला (दलित) महिला र पुरुष बिचको भेदभाव परिवारभित्रबाट शुरु हुन्छ । महिलालाई निर्णय प्रक्रियामा सामेल गराइदैन र समाजमा प्राप्त हुने मौकाहरु र उपलब्धीहरु माथी माथिल्लो वर्गले एकाधिकार जमाएको हुन्छ कुनै पनि जातका महिलाको सामाजिक, सांस्कृतिक एवं राजनीतिक क्रियाकलापहरुमा हुने सहभागिता उनका श्रीमान्/बाबु/आमा/पुरुष नातेदारको प्रकृतिमा भरपर्छ (राष्ट्रिय मानव अधिकार आयोग, २०६०:७०)

विभिन्न देश, समाज, धर्म, जाति, जनजाति अनुसार लैङ्गिक विश्लेषण हुन आवश्यक छ । किनकि बिभिन्न देश, समाज, जाति अनुसार नारीपुरुष सम्बन्ध फरक फरक हुने गर्दछ । हाम्रो समाजमा दलित महिलाहरुको वा गैर दलित महिलाहरुको आमाको रुपमा उच्च भूमिका, मूल्य, मान्यता भएता पनि महिलाहरुको रुपमा उनीहरुको भूमिकामा भने समुदाय समुदाय पिच्छे व्यापक फरक पाइन्छ । जहाँसम्म हिन्दू धर्मका उच्च जातका रुपमा मात्र आफ्नो सामाजिक हैसियत स्थापना गर्न सक्छन् । तर भोट बर्मेली भाषा बोल्ने परिवारमा भने विवाह नगरी पनि श्रीमतीका रुपमा सामाजिक हैसियत प्राप्त गर्न अन्य उपाय अवलम्बन गर्न सक्ने स्थिति देखिन्छ । (Bennet, 1981:282)

तल्ला र उपलल्ला जातिहरुको बीचमा असमानताका खाडलहरु सिर्जना भएका छन् सार्वजनिक ठाउँमा, मठ-मन्दिर, पँधेरो, पौवा आदिमा तल्ला जातिको प्रवेशलाई निषेध गरिएको छ । जातीय स्तरीकरणको रसीभित्र बाधिएका तल्ला जातिहरु उपल्ला जातिबाट अति शोषिएका छन् । एकातर्फ उनीहरु उपल्लाघरमा प्रवेश पाउँदैनन् । भने अर्को तिर दिनभरि साहुको लागि हाडमासु खियाएर काम गर्दा पनि एक पेट राम्ररी खान पाएका छैनन् । (Caplan, 1972:310)

स्थानीय विविधता र राज्यको सिद्धान्तको नेपालमा उल्लेखनीय रुपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानीय विविधताको कारणले गर्दा साँस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्धपी ग्रामिण भेकका मानिसहरु अन्य ठाउँका भन्दा असुविधाबाट बढी बन्चित छन् । अर्कातिर सामाजिक बहिष्करणको आधार राज्यद्वारा

सम्बन्धित जातिय विभेद भएको छ । दुई कारक तत्वहरु, भुगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरु उब्जिरहेका छन् । त्यसो हुँदा, एक जना झाँक्री प्रथा मान्ने मानिस वा बुद्ध धर्मबालम्बीले बेंसी वा शहरमा बस्ने हिन्दुको तुलनामा दुई गुणा धेरै विभेद खेपिरहेको हुन्छ । यहाँ चर्चा गरिएका सामाजिक वहिष्करणका कारक राजनतिक, आर्थिक र शैक्षिक क्षेत्रहरु एक आपसमा सम्बन्धित छन् । राज्यको सिद्धान्त नै यस्तो औजार हो, जसले राजनीतिमा उच्च जातिको एकाधिकारमा टेवा पुऱ्याइरहेको छ । यस्तो व्यवस्थाले तल्लो जात र आदिवासी जनजातिलाई आर्थिक क्षेत्रबाट सीमान्तीकरण गर्दछ । ती मध्ये अधिकांश गरिब हुने भएकाले शिक्षामा पनि उनीहरुको पहुँचमा कम हुन्छ र गरिवीको दुष्चक्रमा फसिरहेका हुन्छन् । (गुरुङ्ग, २०६५)

दलित महिलासँग विवाह गर्नेलाई घरभित्र प्रवेशमा समेत रोक लगाएको पाइन्छ, भने मन्दिरमा प्रवेश, धार्मिक कार्यक्रम र चिया पसल आदिमा पनि रोक लगाएको पाइन्छ । बाहुन पूजारीद्वारा दलितको सेवा अस्वीकार, दलित र गैर दलित बीचको विवाह भएमा नाता सम्बन्ध कायम गर्न अस्वीकार, गैर दलितको चाँडपर्व, भोजभत्तेर, सरकारी गैर सरकारी कार्यक्रम, राजनैतिक समारोह, विवाह भोजमा दलितहरुलाई सहभागी गराइदैन भने अपमान, अत्याचार, सामाजिक बहिष्करण, धारणागत छुवाछुत, भेदभाव आदिद्वारा दलितहरु पिडित देखिन्छन् । (एक्सन एड, २००४)

सामान्यतया राज्य शासनमा दलित महिलाहरुको प्रतिनिधित्व अत्यन्त न्यून छ र त्यसको साथसाथै नीति निर्माण तहमा पनि उनीहरुको प्रतिनिधित्व न्यून छ । गैह्र राज्य क्षेत्र, राजनैतिक दल र नागरिक समाजको नेतृत्वमा पनि दलित महिलाको प्रतिनिधित्व प्रतिकात्मक मात्र छ भने सामाजिक बहिष्करण अझै पनि व्यापक छ । वास्तवमा राज्य यसका संरचना, यसका अङ्गहरु, संरचनाहरु निकाय र प्रतिनिधिहरुको माध्यमबाट यो निर्देशित छ ।

जात, जातियता, नश्ल, लिङ्ग, क्षेत्र, धर्म, सामाजिक मूल्य, मान्यता, शारीरक र शैक्षिक क्षमताको अभाव, आर्थिक सहजताको अभाव, राजनैतिक शक्तिको अभावको आधारमा सामाजिक बहिष्करण हुने गर्दछ । (किसान, २००८)

नेपाली समाज जातीय कारणले उच्च निचताको संरचनामा बाँधिएकोले ब्राम्हण, क्षेत्री उच्च वर्गमा रहन पुगेको पाइन्छ भने अन्य तल्ला जातिहरु निम्न वर्गमा रहेको पाइन्छ । आर्थिक, सामाजिक, राजनीतिक दृष्टिले ब्राम्हण, क्षेत्री बलिया र तल्लावर्ग कमजोर रहनुले यी बीचमा असमान सम्बन्ध रहेको प्रष्ट हुन्छ । व्यापारी तथा उद्योगपति, सरकारी तथा विद्यालयका शिक्षक र अछुत जातिमा नेपाली समाजमा यी वर्ग रचना निर्माण भएको स्पष्ट हुन्छ । नेपाली समाजका यी वर्ग वा एक अर्का वर्ग बीच परनिर्भरता कायम रहेको स्पष्ट हुन्छ । (Blaikie P., Cameron J, Seddon D, 1980)

शिक्षा एउटा दियो हो, जसले अन्धकारलाई हटाई उज्यालो बनाउँछ । एक पुरुषको शिक्षा त्यहि व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो, जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउँछ । त्यसकारण महिलाहरुका लागि शिक्षा नितान्त आवश्यक हुन्छ (Acharya Mina, 1997) ।

महिलावादी आन्दोलनकी समर्थक (Ann Oakely, 1972) ले संस्कृतिलाई लैङ्गिक भूमिका वा शैलीमाथि नियन्त्रित र निर्देशित गर्ने तत्वको भूमिका र उनका अनुसार लिङ्गमा आधारित श्रम विभाजन विश्वव्यापी छैन । न त यो विश्वव्यापी हुन पर्दछ भन्ने कुनै कारण नै छ । बरु धेरै समाजमा संस्कृतिमा आधारित श्रम विभाजन हुने गरेको छ ।

समाज र संस्कृति अनुसार लैङ्गिक भूमिका फरक पाइन्छ । नेपालको सन्दर्भमा केही जनजाति समुदायका महिलाहरु घरेलु अर्थतन्त्रमा सक्रिय भएर लागेका छन् । उनीहरु घरेलु दायरा भन्दा बाहिर आय आर्जन र व्यवसायमा प्रभावकारी भूमिका खेलेका छन् । जस्तै : थकाली महिलाहरु व्यापार र होटेल सञ्चालन गरेका छन् भने गुरुङ महिलाहरु पनि बजारमूखि अर्थतन्त्रमा लागेका छन् । उनीहरुको सामाजिक रुपमा स्वतन्त्र र परिवारमा उच्च मुल्याङ्कन गरिएको हुन्छ (Seddon, : 1995) ।

लिङ्गमा आधारित श्रम विभाजन पुरुषहरु शारिरिक रुपमा बलियो हुनाले उनीहरु घर बाहिरको काम गर्ने, शिकार गर्ने, गाईवस्तु चराउने, माछा मार्ने जस्ता कार्यहरु गर्ने र महिलाले घरभित्र परिवारको रक्षा गर्ने, कृषि कार्य गर्ने र जिवीको पार्जन को लागि पुरुषको तुलनामा बढी योगदान दिन सक्छन् । (Ember and Ember,: 1993) मार्क्सवादी विचारधारामा लागेका समाजशास्त्रीका अनुसार सम्पति नै समाजमा असमानता सिर्जना गर्ने तत्व हो । उत्पादन व्यवस्था वा प्रणालीको विकाससँगै सामाजिक सास्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ । नीजि सम्पतिको विकासँगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलालाई लिंदै अझ अगाडी भनिएको छ । सम्पतिको निरन्तर हस्तान्तरण र सम्बर्द्धनका लागि छोरा जन्माउने बस्तुका रुपमा महिलालाई लिन थालियो । महिलाहरु घरभित्रकै धन्दामा सिमित गरिए । यात कमशल कार्य वा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउने कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो (एंगेल्स, १९८६) ।

आमूल परिवर्तनकारी महिलावादीहरुले विश्वव्यापी रुपमा महिलाको अवमूल्यान भएको छ र पितृसत्ताको कारण सबै ठाउँमा महिलाहरु दमनमा परेका छन् भन्ने मान्यता रहेको छ भने समाजवादी महिलावादीले मार्क्सवादी विचारधारा झै पितृसत्ता आर्थिक प्रणालीको एउटा भाग हो यसले महिलाले भोग्नु परेको अधिनता भिन्नभिन्न परिवेशमा कति समान छन् र कति असमान छन् त्यसको पनि अध्ययन गरिनुपर्दछ । महिलाहरु आफैं दमित हुँदाहुँदै पनि अर्काथरी महिलाले नै महिलालाई दमित गर्दछन् । यो वर्गिय सोच हो । जस्तै अमेरिकी समाजमा काला जातिका महिलाहरुलाई दमन गर्ने कार्यमा सेता जातिका महिलाहरु सक्रिय रुपले सहभागी भएका छन् । (Haralabos, 1996)

नेपालमा सन् १९९० पछि महिला र पुरुष विचको लैङ्गिक सम्बन्ध एक प्रमुख मुद्दाको रुपमा देखा परि यस किसिमको लैङ्गिक सम्बन्धका विषयमा विभिन्न समुदाय जस्तैः यस विषयका विद्वान्, राजनितिज्ञ, आम जनता र निति निर्माता समेतको ध्यान आकर्षण भएको छ । सामाजिक र सास्कृतिक रुपमा स्वीकार गरिएको व्यवहार र सम्बन्धलाई सामाजिक

लिङ्गको रुपमा परिभाषित गएिको पाइन्छ । यस किसिमका सामाजिक व्यवहार र सम्बन्धहरु त्यहाँको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक तथा धार्मिक धरातल तथा परिधिमा आधारित रहेको हुन्छ । र कतिपय परम्परागत समाजमा शहरी तथा औद्योगिक समाजमा भन्दा लैङ्गिक भूमिका बढि कठोर हुन्छ । लैङ्गिक भूमिका वर्ग, जाति र जनजाति समूह विच फरक फरक पाइन्छ (पोखरेल,: २००१:७०) ।

१. मार्क्सवादी दृष्टिकोण: यस दृष्टिकोणले मार्क्सवाद र उदार महिलावादलाई संयोजन गरेर हेर्दछ । जस अनुसार मार्क्सवादले वर्ग विश्लेषणको कुरा गर्दछ र उदार महिलावादबाट लैङ्गिक दमन र शोषणलाई लिन्छ ।


२. परनिर्भरताको दृष्टिकोण:यस दृष्टिकोणले नव मार्क्सवादी विचारधारालाई प्रत्याभूत गरेको छ । महिलाको स्थितिलाई पनि यहि दृष्टिकोणले हेर्दा हिन्दु समाजको सामाजिक, सांस्कृतिक मान्यताले नै महिलाहरुलाई पुरुषको परनिर्भरको पक्षको रुपमा व्याख्या गर्न सकिन्छ ।

३. संरचनात्मक दृष्टिकोण: समाजशास्त्री Emile Durkheim द्वारा अध्ययन पद्धतिको रुपमा विकसित गराइएको यस दृष्टिकोणलाई Malinowaski तथा अमेरिकी समाजशास्त्री Talcott parsons सम्मका व्यक्तिहरुले अपनाएको देखिन्छ । यस दृष्टिकोणले महिला, पुरुष तथा महिला महिला बिचका हरेक तहहरुले समाजमा एकरुपता स्थापित गर्न भूमिका खेलिरहेका हुन्छन् । यस दृष्टिकोणले समाजमा कुनै पनि एकाईहरुलाई विरोधी एकाईको रुपमा नभई प्रकार्यात्मक एकाईको रुपमा हेरिनु पर्दछ । त्यसबाट नै सामाजिक प्रणाली तयार भएको हुन्छ भन्ने मान्यता राख्दछ ।

४. महिलावादी दृष्टिकोण: यस दृष्टिकोणले महिलाको स्थितिलाई हेर्दा महिलाहरुको शक्ति र समाजमा उनीहरुको विद्यमान अवस्थामा क्रमिक सुधार भैरहेको र अझ सुधार हुँदै जानुपर्ने आवश्यकता देखिन्छ । विभिन्न सामाजिक दमन चक्रबाट अधिकांश महिलाहरु पिडित भएका छन । यस्ता दमन र महिला उपर हुने सबै खाले कुचक्रका अवशेषहरुलाई निरुत्साहित पार्न सकेमा मात्र विद्यमान नेपाली महिलाहरुको स्थितिमा सुधार हुन सक्छ भन्ने कुराको वकालत यस दृष्टिकोणकबाट गर्न खोजिएको छ । यस अवधारणाले महिलाको स्थितिलाई पुरुष दमन स्थितिको रुपमा हेर्ने गरेको पाइन्छ ।

**अध्ययनको अवधारणागत खाका**

यस अध्ययनमा दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक पक्षहरुमा बहिष्करणले पारेको प्रभावलाई विश्लेषण गरिनेछ । जसमा निम्न प्रकारको अवधारणागत खाका तयार पारिनेछ ।




डाँडागाउँ गा.वि.स.का दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक पक्षहरुमा त्यस समाजभित्र रहेका प्रचलित वहिष्करणको भावना वा प्रचलनले गर्दा उनीहरुको आर्थिक, सामाजिक एवं राजनैतिक पक्षमा असर पारेको छ । जसको परिणाम स्वरुप त्यहाँका महिलाहरुको सामुदायिक क्रियाकलापमा कम सहभागिता, निर्णय प्रक्रियाको सहभागितामा शून्यता, आर्थिक अभाव, रोजगारीमा कम पहुँच, राजनैतिक सहभागिताको कमी, सास्कृतिक सहभागितामा बन्देज भएको पाइन्छ । जसले गर्दा ती महिलाहरुको अवस्था अन्य महिलाको भन्दा निम्न अवस्थाको देखिन्छ ।

# अध्याय ३

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययनको क्षेत्र सल्यान जिल्लाको डाडाँगाउँ गा.वि.स. को वडा नं. ७ र ९ मा कामी जातिको बस्ती भएकोले यिनै वडाहरुमा अध्ययनलाई सिमित गरिएको छ । यस गा.वि.स. लाई नै अध्ययन क्षेत्र छनौट गर्नुका कारण निम्नानुसार छन्:

क) शोधकर्ता यस गा.वि.स. मा स्थायी बसोबास गर्ने भएकोले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गर्न सजिलो हुनाले ।

ख) अध्ययन क्षेत्रका लागि छनोट गरिएको डाँडागाउँ गा.वि.स. मा यातायातको सुविधा भएता पनि त्यस गाउँको बारेमा कुनै अध्ययन अनुसन्धान हुन नसक्नु त्यसमा पनि बाहुन, क्षेत्री, गुरुङ, ठकुरी, कामी, सार्की दमाईको बस्ती भएको यस गाउँमा सामाजिक, आर्थिक र राजनैतिक रुपले बन्चित भएका दलित महिलाको उपस्थिति छ ।

## ३.२ अनुसन्धानको ढाँचा

अनुसन्धान गर्दा अन्वेषणात्मक र वर्णनात्मक दुबै खाले ढाँचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रको बारेमा गुणात्मक तथ्यहरुको संकलनमा वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । विशेषगरी कामी जातिका महिलाहरुको अध्ययन गर्ने सम्बन्धमा महिलाहरुको सामाजिक आर्थिक, राजनैतिक अवस्था र पहुँचको बारेमा अध्ययन गरिएको छ । यो अध्ययन अनुसन्धान गर्दा सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा दलित महिलासँग प्रश्न सोधेर, अवलोकन गरेर मिश्रीत रुपमा पनि गरिएको छ ।

## ३.३ नमुना छनौट

वि.सं. २०६४ सालमा गा.वि.स. ले लिएको घर परिवार सर्वेक्षण को रिपोर्ट अनुसार यस गा.वि.स.मा १०० दलित घरधुरी पाइयो । यस गा.वि.स. मा बसोबास गर्ने दलित (कामी) जातिको समुदायभित्र समान प्रकृतिको सामाजिक रहनसहन र समान आर्थिक अवस्थामा रहेका वास्तविकतालाई मध्यनजर राखेर यस अध्ययनको नमुना छनौट गर्दा सम्पूर्ण घरधुरीमध्ये दैवि नमुना छनौट विधिद्वारा नमुना छनौट गरी ५० घरधुरीलाई लिइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र श्रोत

यस अध्ययनका लागि निर्धारण गरिएका उद्देश्यहरुको परिपूर्ति गर्नको लागि विभिन्न प्रकारका तथ्याङ्कहरुको संकलन गरिएको छ । यस अध्ययन तथा अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि सम्बन्धित क्षेत्रमा गई अनुसन्धानकर्ताले उत्तरदाता महिलाहरुसँग प्रत्यक्ष संलग्न भई आवश्यक तथ्याङ्कहरु संकलन गर्नको लागि अवलोकन, प्रश्नावली तथा अन्तरवार्ता जस्ता प्राथमिक श्रोतका पद्धतिको प्रयोग गरिएको छ भने द्वितीय तथ्याङ्कका श्रोतको रुपमा विभिन्न लेख, प्रतिवेदन, पुस्तक, पत्र पत्रिका लगायतका विभिन्न क्षेत्रबाट प्रकाशित प्रकाशनहरुलाई लिइएको छ । यसका अतिरिक्त अनुसन्धानलाई यथार्थपरक र विश्वश्नीय बनाउनका लागि गुणात्मक र संख्यात्मक प्रकृतिका तथ्याङ्कहरुलाई लिइएको छ ।

## ३.५ तथ्याङ्क श्रोत

अध्ययन तथा अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि तथ्याङ्क संकलन श्रोतको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययनको परिणाम नै तथ्याङ्क संकलनको श्रोतमा भर पर्ने हुनाले यस शोध कार्यमा तथ्याङ्क संकलनका दुबै प्राथमिक र द्वितीय तथ्याङ्क श्रोतको प्रयोग गरिएको छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलन विधि

प्राथमिक श्रोतबाट तथ्यहरु संकलन गर्दा शोध कार्य विश्वशनीय हुने हुँदा यस शोध कार्यमा पनि प्राथमिक तथ्याङ्क संकलन विधिलाई प्रमुख स्थान लिइएको छ । यस शोधकार्यमा प्राथमिक तथ्याङ्क संकलन विधि अपनाउनुको अर्को कारण यस क्षेत्रको दलित महिलाहरुको आर्थिक, सामाजिक, र राजनैतिक बहिष्करणका बारेमा समाजशास्त्रीय अध्ययन यहाँको लागि पहिलो भएकाले द्वितीय तथ्याङ्कको लागि अभाव छ । त्यसैले प्राथमिक तथ्याङ्क संकलन विधिको प्रयोग बढी मात्रामा गरिएको छ । प्राथमिक तथ्यहरुको संकलनका लागि यहाँ अवलोकन, अन्तरवार्ता र प्रश्नावली विधिलाई सहयोगी बनाइएको छ । यी विधिद्वारा धारणा, मनोवृत्ती र वास्तविकता बुझ्नका लागि सहयोग मिलेको छ । यस अध्ययन कार्यमा प्राथमिक तथ्याङ्क संकलनमा निम्न विधिहरु अपनाइएको छ ।

**क) अवलोकन**

यस अध्ययन तथा अनुसन्धानमा डाँडागाउँ गाउँ विकास समति अन्तर्गत पर्ने वडा नं. ७ र ९ का दलित महिलाहरुको धर्म, भाषा, संस्कार, जनसंख्या, आर्थिक स्थिति, आदिको कस्तो स्थिति रहेको छ सो कुरा जान्नका लागि अवलोकन विधि  अपनाइएको छ । साथै यहाँ अवलोकनका क्रममा देखिएका कुराहरुलाई समावेश गरिएको छ ।

**ख) अन्तर्वार्ता तालिका**

यस अध्ययन तथा अनुसन्धान कार्यमा दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनैतिक बहिष्कारको अवस्थाको जानकारी लिनका लागि अन्तर्वाता विधि प्रयोग गरिएको थियो । यसका लागि अध्ययनसँग सम्बन्धित प्रश्नहरु सरल एवं स्पष्ट भाषामा पहिले नै तयार गरिएको थियो । दलित महिलासँग सम्बन्धित कृषि, धर्म, शिक्षा, परिवार, जमिनको स्वामित्व, आम्दानीसँग सम्बन्धित प्रश्न सोधेर ती सोधीएका प्रश्नको उत्तरद्वारा पनि तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्दा उपयुक्त र विश्वसनीय मानिने अन्तरवार्ता विधिको प्रयोग यस अध्ययन तथा अनुसन्धान कार्यमा गरिएको छ । यस विधि प्रयोग गर्नुको अर्को कारण उल्लेखित क्षेत्रका महिलाहरुको बारेमा विस्तृत

जानकारी लिई प्रभावकारी तथ्यहरु संकलन गर्नु रहेको थियो । अन्तरवार्ताको क्रममा शिर्षकसँग सम्बन्धित तयार पारिएको अन्तर्वाता तालिकाको आधारमा उत्तरदाता महिलाहरुसँग प्रश्न राख्दा आएको जवाफलाई टिपोट गरी तथ्याङ्क संकलन गरिएको छ । शोधकर्ता र उत्तरदाता महिला आमुन्ने सामुन्ने बसेर छलफल गरी संरक्षित प्रश्नका अतिरिक्त अन्य समय सापेक्षित जानकारी लिनको लागि विभिन्न सम्बन्धित प्रश्नहरु पनि गरिएको थियो । जस्तै तपाइको आफ्नै जग्गा छ ? जग्गाको आम्दानीले वर्षभरी खान पुग्छ की पुग्दैन ? जसले दलित महिलाको आर्थिक, सामाजिक र राजनैतिक बहिष्कारलाई बुझ्न सहयोग गरेको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

यस अध्ययन सफल हुनुमा तथ्याङ्कको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा पनि भर पर्ने हुँदा विभिन्न श्रोतहरुबाट प्राप्त भएका तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति अनुरुप विश्लेषण गरिएको छ । विश्लेषण गर्नु पूर्व उक्त संकलित तथ्यहरुलाई सरल तरिकाले सबैले बुझ्ने गरी वर्गिकरण र तालिकीकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरेर गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिएको छ । भने सख्यात्मक तथ्यहरुलाई तालिकीकरण गरि स्पष्ट पारिएको छ । आवश्यकता अनुसार तथ्याङ्कहरुको व्याख्या र विश्लेषण पनि गरिएको छ । उक्त सांख्यकीय विधिको प्रक्रियाको क्रममा कुल, औसत तथा प्रतिशत आदिको माध्यमबाट सरल तरिकाले प्रष्ट्याउने प्रयास गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यस अध्ययनको लागि डाडाँगाउँ गा.वि.स. छनौट गरिए पनि उक्त गा.वि.स. को विभिन्न वडाहरुमा बसोबास गर्ने विभिन्न जातिहरुको अध्ययन नगरी यस अध्ययनले विशेष दलित जातिको बस्ती भएका दुईवटा वडा मात्र समेटिएको छ । यस अध्ययनमा दलित (कामी) को ५० घरधुरीमा भएका महिलाहरुको मात्र अध्ययन गरिएको छ । यस अध्ययनले

नेपालभरी बसोबास गर्ने दलित महिलाहरुको बारेमा प्रतिनिधित्व गर्न सक्दैन् । केही कुराहरु मिल्न गए तापनि यस अध्ययनमा दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक बहिष्करणको अवस्थालाई मात्र समिक्षा गरिएको हुनाले यसको परिणामलाई अन्य क्षेत्रका दलित महिलाहरुको अवस्थासँग हुँबहुँ तुलना गर्न सकिदैन ।

# अध्याय ४

# अध्ययन क्षेत्रको संक्षिप्त परिचय

## ४.१ सल्यान जिल्लाको संक्षिप्त परिचय

नेपाल अधिराज्यको मध्य पहाडी क्षेत्रमा अवस्थित सल्यान जिल्ला राप्ती अञ्चलको ५ जिल्ला मध्ये एक महत्वपूर्ण जिल्ला हो । समशितोष्ण खालको जलवायु, फलफूल, तरकारी, अदुवा र जडिबुटी उत्पादनको हिसाबले सल्यान देशको महत्वपूर्ण जिल्लाको रुपमा परिचित छ । महाभारत पर्वत श्रृङ्खलाले यसलाई बिचबाट चिरेर गएकाले सुन्दर मनमोहन पहाडी श्रृखलाहरुले यस जिल्लामा भरिएका छन् । त्यस्तै जिल्लाको मध्य पक्तिबाट नागबेली गर्दै उत्तरबाट दक्षिणतिर बहेको शारदा नदी त्यहाँको प्रमुख नदि हो । यो जिल्ला देशको राजधानी काठमाडौँबाट करिब ५०० कि.मी पश्चिममा रहेको छ । मानव विकास प्रतिवेदनमा यो जिल्ला ६३ औं स्थानमा रहेको छ । (गा.वि.स. प्रोफाइल, २०६४)

### ४.१.१ भौगोलिक अवस्था :

भौगोलिक हिसाबले सल्यान जिल्ला २८°३१' देखि २८°५३' उत्तरी अक्षांश र देशान्तरका हिसाबले ८२° ०' देखी ८२° ४३' पूर्वी देशान्तर सम्म फैलिएको पहाडी जिल्ला हो । यो जिल्लाको क्षेत्रफल १,९५,१७८५ हेक्टर तथा १९.५१ वर्ग कि.मी. रहेको छ । जिल्लाको सदरमुकाम खलंगा मध्यभागमा अवस्थित छ । समुन्द्र सतह देखी यसको उचाई १५३६ मि. रहेको छ । यस जिल्लाको औषत उचाई १५०० मिटर रहेको छ । यहाँका पहाडी श्रृखलाहरु उत्तर देखि दक्षिणसम्म फैलिएका र मोडदार रुपले रहेका छन् । १५०० देखि २००० मि. सम्मको उचाई भएका पहाडहरुले यस जिल्लाको जमिनको स्वरुप ज्यादै छिया-छिया परेको देखिन्छ । जिल्लाको मध्य उत्तरमा रहेको जथाक पहाड यहाँको सबैभन्दा अग्ला पहाड हो । यसको उचाई २८२७० मी रहेको छ ।

यो जिल्लाको पूर्वमा रोल्पा, पश्चिममा सुर्खेत र बर्दिया उत्तरमा जाजरकोट र रुकुम तथा दक्षिणतर्फ दाङ र बाके जिल्ला पर्दछन् । दक्षिणपूर्वको सिमानालाई महाभारत पहाड

श्रृङ्खलाले उत्तर पश्चिमको सिमानालाई भेरी नदिले छुट्टयाएका छन् । देशको कुल भागको १.३३ प्रतिशत यस जिल्लाले ओगटेको छ । राप्ती अंचलको क्षेत्रफलको हिसाबले यो तेस्रो जिल्ला हो । यस जिल्लामा बन जंगलको क्षेत्रफल सबभन्दा बढी ६५ प्रतिशत कृषि योग्य जमिन २३ प्रतिशत आवादी, ०.५ प्रतिशत रहेको छ । (स्रोत : गा.वि.स. प्रोफाइल, २०६४)

यस जिल्लामा विभिन्न जातजाती अर्थात बाहुन क्षेत्री, ठकुरी, नेवार, मगर, गुरुङ, सुनार, कामी, दमाई, गाइने तथा वादीहरुको बसोबास भएकोले यहाँ विविध संस्कृति पाउनु पनि स्वभाविक हो । उपयुक्त जातिहरु बाहेक यस जिल्लामा फिरन्ते जातिको पनि बसोबास छ ।

**हावापानी** : पहाडी प्रदेशको जिल्ला भएकोले सल्यानको अधिकांश भागको हावापानी समशितोष्ण र शितोष्ण गरी मिश्रित खालको रहेको छ । यहाँ गर्मीमा धेरै गर्मी हुँदैन भने जाडोमा पनि त्यति जाडो हुदैंन । तसर्थ हावापानीको दृष्टिकोणले यो जिल्ला उपयुक्त रहेको छ । यहाँको हिउँदको औषत तापक्रम ३ डिग्री देखि बढीमा २८ डिग्री सेल्सीयस सम्म र गर्मीममा १४ डिग्री देखि ३१ डिग्री सम्म रहन्छ । हिउँदमा उत्तरतिरबाट यसै चिसो सिरेटो चल्ने गर्दछ । जसले गर्दा कहिले कहि अग्ला पहाडहरुमा हिउँ पनि पर्ने गर्दछ वर्षाको समयमा पूर्वबाट आएको मौसमी वायुले यहाँ अत्याधिक वर्षा गराउछ भने हिउँदमा पश्चिमी वायुको प्रभाव बढी रहन्छ । यहाँ वार्षिक औषत वर्षा १११० मि.ली हुने गर्दछ ।

**प्राकृतिक वनस्पती र पशुपंक्षि** : सल्यान जिल्ला विभिन्न भु स्वरुपले बनेको हुँदा यस जिल्लामा पाइने रुख, झारपात, आदि पनि हावापानी सरह नै भिन्न भिन्नै किसिमका छन् यस जिल्लाको उच्च भागमा केहीमात्रामा कोणधारी सदावहार वनहरु बेसी तथा होचा जग्गाहरुमा अर्थ-उष्ण बन तथा मध्य पहाडी प्रदेशका भागहरुमा मिश्रित पतझड मनसुनी बन पाइन्छ । हिउँदमा रुखका पातझर्ने, भएकोले यसलाई मिश्रित पतझड मनसुनी बन भनिन्छ । यहाँ पाइने रुखहरुमा चाँप, बर, पीपल, कटुस, टुनी, सल्लो, साल, गुरास, सिमल, खयर आदि प्रख्यात छन् ।

यस जिल्लामा पाइने विभिन्न किसिमका बन्यजन्तुहरुमा विशेषगरी मृग, खरायो, चितुवा, भालु, बदेल, बादर, दुम्सी, लोखर्केको साथै पंक्षीहरुमा सुगा, कालिज, काग, मजुर, ढुकुर, कोइली, मयुर, लाटोकोसेरो आदि हुन् ।

### ४.२ डाँडागाउ गा.वि.स. को परिचय

दलित जातिका महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्थाको अध्ययन गर्नको लागि सल्यान जिल्लाको डाँडागाउँ गा.वि.स.लाई छनोट गरिएको छ । यो गा.वि.स. जिल्लाको सदरमुकाम देखि करिब ६ किलोमिटरको दुरीमा पर्दछ । जुन जिल्लाको उत्तर पूर्वमा पर्दछ । यस गाउँलाई शहरी क्षेत्रसँग जोड्ने काम बरला थारमारे सम्मको सडकले घेरेको छ ।

### ४.३ भौगोलिक बनावट :

डाडाँगाउ गा.वि.स.को भौगोलिक बनावटमा पनि विभिन्नता पाइन्छ । यो गा.वि.स. समुन्द्रि सतहबाट ५०० मिटर देखि १५०० मिटर सम्मको उचाइमा रहेको छ । सल्यान जिल्लाको उतरतर्फ अवस्थित यस गा.वि.स. को पूर्वमा सानीखाल गा.वि.स. पश्चिममा सल्यान जिल्लाकै सिद्धेश्वरी गा.वि.स. उत्तरमा बाझकाडा गा.वि.स. तथा दक्षिणमा सल्यान जिल्लाकै कजेरी र खलंगा गा.वि.स. तथा दक्षिणमा सल्यान जिल्लाकै कजेरी र खलंगा गा.वि.स. पर्दछन् । खलंगा गा.वि.स. सल्यान जिल्लाको सदरमुकाम हो । यस जिल्लाको सदरमुकाम खलंगा पहाडको टुप्पोमा अवस्थित रहेको छ । यसको फेदीमा शारदा नदी बगेको छ । डाँडागाउँ गा.वि.स.को वडा नम्बर २ र ८ मा थोरै समथर जमिन छ भने वडा नम्बर ६ पुरै भीरपाखाको रुपमा रहेको छ । यसैगरी बाकी वडाहरु मिश्रित अवस्थामा रहेका छन् । यस गा.वि.स.को कुल क्षेत्रफल २८११ हेक्टर रहेको छ । उक्त जग्गामध्ये कृषिभूमि ५५९.५ हेक्टर र बनजंगल ७५१ हेक्टर रहेको छ ।

हावापानी तथा जलवायु स्थितिको चर्चा गर्दा डाडाँगाउ गा.वि.स.को हावापानी समशितोष्ण बढी र शितोष्ण कम गरी मिश्रित रहेको छ । यहाँ गर्मिमा धेरै गर्मी हुदैन भने

जाडोमा पनि त्यति जाडो हुँदैन । यो गा.वि.स. हावापानीको दृष्टिकोणले उपयुक्त रहेको छ । यहाँको हिउँदको औषत तापक्रम ३ डिग्री देखि बढीमा २७ डिग्री सेल्सीयस सम्म र गर्मीमा १४ डिग्री देखी ३० डिग्री सम्म रहन्छ ।

### ४.२.२ जनसंख्या

डाडाँगाउ गा.वि.स. को जनसंख्याको बारेमा चर्चा गर्दा यहाँ १४५७ घरधुरीमा ७५९३ जनसंख्या छ । जसमध्ये महिलाको संख्या ३७३३ र पुरुषको संख्या ३८६० छ । महिलाको संख्या कुल जनसंख्याको ४९.१६ प्रतिशत र पुषको संख्या कुल जनसंख्याको ५०.८४ प्रतिशत छ ।

**तालिका नं. ४.१**

**गा.वि.स. को कुल जनसंख्या विवरण**

| लिङ्ग | कूल जनसंख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३,७३३ | ४९.१६ |
| पुरुष | ३,८६० | ५०.८४ |
| जम्मा | ७,५९३ | १००.०० |

स्रोत : गा.वि.स. सर्वेक्षण, २०६४

तालिका नं. ४.१ अनुसार पुरुष र महिलाको जनसंख्या लगभग उस्तै उस्तै देखिए पनि यहाँ महिलाको अनुपातमा पुरुषको संख्या १२० ले बढी छ ।

**तालिका नं. ४.२**

**उमेर अनुसार डाडाँगाउँ गा.वि.स.को जनसंख्या विवरण**

| उमेर समूह (वर्षमा) | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ०-१४ | ११.९९ | ११०२ | २३०१ | ३०.२० |
| १५-५९ | २३५३ | २३२१ | ४६७४ | ६१.५५ |
| ६० + | ३०८ | ३१० | ६१८ | ८.१३ |
| जम्मा | २८६० | ३७३३ | ७४९३ | १०० |

श्रोत : गा.वि.स. सर्वेक्षण, २०६४

तालिका नं. ४.२ अनुसार यस गा.वि.स.मा बसोबास गर्ने कूल जनसंख्याको ० देखि १४ वर्ष उमेर अर्थात आश्रित जनसंख्या २३०१ रहेको छ । यो गा.वि.स.को कुल जनसंख्या ३०.३० प्रतिशत हुन आउँछ भने यसमा पुरुषको संख्या ११९९ अथवा १५.७१ प्रतिशत छ भने महिलाको संख्या ११०२ अथथा १४.५१ प्रतिशत छ । १५ वर्षदेखि ५९ वर्षसम्म अर्थात देशको मेरुदण्डको रुपमा रहेको यो उमेर समुहको संख्या ४६७४ रहेको छ । यो गा.वि.स. को कुल जनसंख्याको ६१.५५ प्रतिशत हुन आउँछ यो उमेर समुहलाई उत्पादन वा आय आर्जन गर्न सक्ने क्षमता भएको समूह मानिन्छ भने यो उमेर समुहमा पुरुषको संख्या २३५३ अथवा ३०.९८ प्रतिशत छ भने महिलाको संख्या २३२१ यो कुल जनसंख्याको ३०.५६ प्रतिशत हुन आउँछ । यसैगरी ६० + वर्ष उमेर समुहको जनसंख्या ६१८ छ यो गा.वि.स.को कुल जनसंख्या ८.१३ प्रतिशत हुन आउँछ यो उमेर समुहका पुरुषहरुको संख्या ३०८ छ यो कुल जनसंख्याको ४.०५ प्रतिशत हुन आउँछ भने महिलाहरुको संख्या ३१० छ यो गा.वि.स. को कुल जनसंख्या ४.०८ प्रतिशत हुन आउँछ । १४ वर्ष भन्दा मुनिको उमेर समूह र ६० + वर्षको उमेर समुहलाई आश्रित जनसंख्या मानिन्छ । माथीको तालिकामा देखाए अनुसार यो गा.वि.स.मा आश्रित जनसंख्या लगभग ३८ प्रतिशत र आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्या लगभग ६२ प्रतिशत रहेको छ ।

### ४.२.३ जातजाती :

डाडाँगाउँ गा.वि.स. मा प्राचीन समयदेखी नै विभिन्न जातजातिहरु एक आपसमा मिलेर बसोबास गरेको देखिन्छ यि विभिन्न जातजातिहरुको आफ्नै धर्म संस्कार रितिरिवाजहरु रहेको देखिन्छ। यहाँ विभिन्न पेशा धर्म लागेका मानिसहरु बसोबास गरेको पाइन्छ।

**तालिका नं. ४.३**

**जातजाती अनुसार डाडाँगाउ गा.वि.स.को जनसंख्या विवरण**

| जातजाती | घरधुरी | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| ब्राम्हण | ३६ | १८८ | २.४७ |
| क्षेत्री | ४६७ | २४३४ | ३२.०५ |
| मगर | ४१८ | २१७८ | २८.६८ |
| ठकुरी | २६९ | १४०२ | १८.४६ |
| नेवार | १६२ | ९०६ | ११.९४ |
| गुरुङ | २ | १० | ०.१४ |
| दलित | १०० | ४५९ | ६.०४ |
| मुसलवान | ३ | १६ | ०.२१ |
| जम्मा | १४५७ | ७५९३ | १०० |

श्रोत : गा.वि.स. सर्वेक्षण, २०६४

तालिका नं. ४.३ अनुसार गा.वि.स. भरी ब्राम्हण जातिको घरधुरी ३६ र जनसंख्या १८८ रहेको छ। यो गा.वि.स.को कुल जनसंख्याको २.४७ प्रतिशत हो। जातजातीको दृष्टिले दोस्रो स्थानमा रहेको क्षेत्री जातिको घरधुरी संख्या ४६७ र जनसंख्या २४३४ रहेको छ। यो गा.वि.स.को कुल जनसंख्याको ३२.०५ प्रतिशत हो। यसैगरी ठूलो संख्यामा यस गा.वि.स.मा मगर जाति रहेको छ। यस जातिको घरधुरी संख्या ४१८ र जनसंख्या २१७८ रहेको छ। यो गा.वि.स.को कुल जनसंख्याको २८.६९ प्रतिशत हो। यसैगरी यस गा.वि.स. मा रहेको ठकुरी जातिको घरधुरी २६९ र जनसंख्या १४०२ छ। यो गा.वि.स.को कुल जनसंख्याको १८.४६ प्रतिशत हो। गा.वि.स. मा १६२ घरधुरी रहेको नेवार समुदायको

जनसंख्या ९०६ रहेको छ भने प्रतिशतमा भन्दा गा.वि.स.को कुल जनसंख्याको ११.९४ प्रतिशत हो । यसैगरी गा.वि.स.मा रहेको दलित जातिको १०० घरधुरीमा ४५९ जनसंख्या रहेको दलितको कुल जनसंख्या ६.०४ प्रतिशत रहेको छ । गुरुङ जातिको घरधुरी संख्या २ र जनसंख्या १० रहेको छ । यो गा.वि.स.को कुल जनसंख्याको ०.१४ प्रतिशत जनसंख्या हो । यसैगरी मुसलवानमा ३ घरधुरी र १६ जनसंख्या छ । यो गा.वि.स..को कुल जनसंख्याको ०.२१ प्रतिशत हुन आउँछ ।

### ४.२.४ शिक्षा :

शिक्षा मानिसको आधारभूत सामाजिक आवश्यकता हो । शिक्षा विनाको समाज सभ्य र समुन्नत हुन सक्दैन । अतः डाडाँगाउ गा.वि.स.मा अन्य क्षेत्रहरुमा जस्तै शैक्षिक सुविधाहरु सरकारी पक्ष र निजी क्षेत्र दुबैबाट दिन खोजिएको छ । गा.वि.स.ले दिएको जानकारी अनुसार विद्यालयको संख्या धेरै भए पनि उच्च शिक्षाको लागि क्याम्पसको स्थापना भने आजसम्म भएको छैन् । डाडाँगाउ गा.वि.स.मा स्थापित विभिन्न स्कुल वा विद्यालयहरु निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.४**

**गा.वि.स.को कुल विद्यालय विववरण**

| क्र.स. | वडा नं. | विद्यालयको नाम |
|---|---|---|
| १. | १ | कालिका प्रा.वि. |
| २. | २ | सरस्वती प्रा.वि |
| ३. | ६ | लक्ष्मी निम्न माध्यमिक विद्यालय |
| ४. | ९ | भगवती प्रा.वि. |
| ५. | ९ | जनता प्रा.वि. |
| ६ | ७ | त्रिभुवन जनमाध्यमिक विद्यालय |
| ७. | ७ | टाइनीट्टर्स बोडिङ्ग स्कुल |
| ८. | ६ | न्यू जेभियर्स ऐकेडमी |

श्रोत : गा.वि.स. सर्वेक्षण, २०६४

यसरी बिभिन्न विद्यालयहरुद्धारा शिक्षा प्रदान गर्ने प्रयास गरिएको छ । अन्य क्षेत्र जस्तै यस गा.वि.स.मा पनि सरकारी विद्यालयप्रति भन्दा नीजि विद्यालयप्रति सबैको विश्वास बढी रहेको पाइन्छ भने विद्यार्थीको संख्या पनि सरकारी भन्दा निजी विद्यालयमा नै बढी भएको पाइन्छ । गुणात्मक र संख्यात्मक दुबैतर्फको कुरा गर्दा पनि निजी क्षेत्रका विद्यालयको गुणात्मक पक्ष र संख्यात्मक पक्ष बढी रहेको पाइन्छ ।

### ४.२.५ गा.वि.स.मा अवस्थित सामुदायिक बनहरु र कृषि :

डाडाँगाउ गा.वि.स.को कुल क्षेत्रफल २८११ हेक्टर छ । यसमा कृषि भूमि ११३६ हेक्टर छ भने बाँकी जमिनमध्ये बनजंगलको क्षेत्रफल १६७५ हेक्टर रहेको छ । यसरी रहेको बनजंगललाई स्थानिय बासिन्दाहरुले संरक्षण गर्दै आएका छन् । यसरी संरक्षण गरीएका बन अथवा सामुदायिक बनद्धारा स्थानीय बासिन्दाले आफ्ना कतिपय आवश्यकताहरु परिपूर्ति गरिरहेका पनि छन् । यहाँ रहेका विभिन्न सामुदायिक बनहरु निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.५**

**गा.वि.स.को सामुदायिक बनको विवरण**

| क.स. | वडा नं. | सामुदायिक बनको नाम |
|---|---|---|
| १. | ७ | कालखोला सामुदायिक बन |
| २. | ६ | सालघारी सामुदायिक बन |
| ३. | ७ | पानी खोला सामुदायिक बन |
| ४. | ६ | सुलिकोट सामुदायिक बन |
| ५. | ४ | चिसापानी सामुदायिक बन |
| ६. | ५ | घर्तीगाउँ सामुदायिक बन |
| ७. | ९ | रानी डाँडा सामुदायिक बन |

श्रोत : गा.वि.स. सर्वेक्षण, २०६४

यी सामुदायिक बनहरुमा बाघ, भालु, खरायो, चितुवा, बादर, स्याल, दुम्सी, लोखर्के, ब्वासो, मृग र बदेल जस्ता जनवारहरु पाइन्छन् । भने काग, तित्रा, कालिज, जुरेली, ढुकुर, गिद्ध, भँगेरा, काइली, बकुल्ला, चिल, लाटोकोसेरो, मयुर जस्ता चराचुरुङ्गी पाइन्छन् ।
साल, सिसौ, खयर, सिमल, ओखर, काफल, टुनी, सल्ला, कटुस, उत्तिस, चिलाउने, ठूलो ओखती, बोझो, टिमुर, असुरो, कुरिलो, ऐसेलु, चुत्रो, गुराँस, बयर, हलुवावेद जस्ता जडीबुटी र फलफूलहरु पाइन्छन् ।

यहाँका मानिसहरु प्रायः खेतीपाती र पशुपालन व्यवसायमा आश्रित छन् । खेतीयोग्य जमिनको अभाव र सिंचाइ, मलबिउ, प्राविधिक ज्ञान, आदिका कारणले कृषि व्यवसायलाई असर पारेता पनि यहाँको माटोमा सल्यान जिल्लाकै प्रमुख नगदेबालीको रुपमा रहेको अदुवा खेतीको उत्पादन अत्याधिक रुपमा रहेको छ । यहाँको अदुवा देशकै उत्कृठ अदुवाको रुपमा रहेको छ । प्रायः यहाँका मानिसहरुले अदुवा खेतीबाट नै आफ्ना दैनिक आवश्यकताहरुको परिपुर्ति गर्ने गर्दछन् । यसका साथै यहाँ धान, गहुँ जौ तरकारी उत्पादन पनि हुने गर्दछ खेतीको लागि यस गा.वि.स.मा कुनै प्रविधिको प्रयोग भएको छैन । पुरानै ढाँचाबाट खेती गरेको पाइन्छ ।

### ४.२.६ स्वास्थ्य सम्बन्धि संस्थाहरु

डाडाँगाउ गा.वि.स.का मानिसहरुले प्रत्यक्ष रुपमा लाभ लिनसक्ने सरकारी निकाय डाडाँगाउँ हेल्थपोष्ट हो । यसले प्राथमिक किसिमको रोगहरुको उपचार गर्दछ । यो स्वास्थ्य केन्द्र जिल्ला स्वास्थ्य कार्यालय अन्तर्गत रहेको छ । डाडाँगाउ वडा नं. ६ चवरगाउँमा रहेको यस हेल्थपोष्टमा सि.अहेव सम्मको दरवन्दी रहेको छ । यस क्षेत्रका अरु मानिसहरु झै दलित मानिसहरुले पनि विभिन्न उपचार तथा स्वास्थ्य लाभ लिइरहेकाछन् । यहाँ उपचारमा दलित र अन्य जातिका महिलामा भेदभाव भएको देखिदैन । यस स्वास्थ्य चौकीमा समय समयमा परिवार नियोजन सम्बन्धि शिविर पनि बस्ने गर्दछ । तर शैक्षिक चेतनाको कमीले यहाँका दलित महिलाहरुमा परिवार नियोजन प्रति धारणा नकारात्मक रहेको पाइन्छ । उनीहरुको भनाई स्थायी परिवार नियोजन गर्दा शारिरीक

रुपमा कमजोर भइने र काम गरेर खान नसकिने हुँदा यस प्रति जनचासो नरहेको र अस्थायी साधन प्रति ज्ञान नहुँदा स्वास्थ्य क्षेत्रको पहुँचमा कमी रहेको हुँदा यसबाट त्यत्ति फाइदा लिन सकेका छैनन् । यसैगरीयस गा.वि.स.मा २ वटा निजी मेडिकलहरु रहेका छन् । यी मेडिकलहरुमा अहेव देखि हेल्थ असिष्टेन्ट स्तरसम्मका स्वास्थ्य कर्मीहरु रहेको पाइन्छ । यस्ता स्वास्थ्य सम्बन्धी सरकारी तथा गैर सरकारी संस्थाहरुको विभिन्न स्वास्थ्य सम्बन्धि क्रियाकलापहरुले दलित जातिका महिलाहरु पनि स्वास्थ्य केन्द्र तथा मेडिकलहरुको सहायता लिएर रोगको उपचार गर्न थालेका छन् ।

### ४.२.७ वित्तिय संस्थाहरु :

दलित समाजलाई प्रत्यक्ष रुपमा प्रभावित गर्न डाडाँगाउँ गा.वि.स.को वडा नं. ६ स्थित जिल्ला कृषि विकास बैंक अन्तर्गत रहेको साना किसान विकास परियोजना हो । यस संस्थाले यहाँका दलित समुदायका महिलाहरुको लागि सानो धितोमा बाख्रा पालन, भैंसीपालन, समुह गठन गरी ऋण लगानी गरीरहेको छ । जसबाट उनीहरुले थोरै भएपनि आर्थिक लाभ लिन सकिरहेका छन् । तर वित्तिय संस्थाले ऋण लगानी गरेतापनि उच्च जातका महिलाहरु सरह सहज तरिकाले ऋण उपलब्धता गराएको देखिदैंन किनकी दलित महिलाहरुले आर्थिक अभावको कारणले गर्दा समयमा लगेको ऋण तिर्न सकेको पाइदैन ।

# अध्याय ५

# दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक अवस्था

नेपालको जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरुको विभिन्न अवस्थाको बारेमा अध्ययन अनुसन्धान गर्दा वास्तवमै तिनीहरुको अवस्था निकै दयनीय भएको पाइन्छ भने दलित महिलाहरुको अवस्था त झनै दयनीय छ । नेपालको कुल जनसंख्याको लगभग ७ प्रतिशत जनसंख्या दलित महिलाहरुको रहेको छ तर पनि यिनीहरुले आफ्नो हक र अधिकारको लागि सधै लडि रहेपनि समाजमा समान दृष्टिले हेर्ने आँखाको पनि अभाव रहेको छ ।

## ५.१ डाडाँगाउँका दलित महिलाहरुको सामाजिक अवस्था

नेपाली हिन्दु समाज ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र गरी चार वर्णमा विभाजित छ । तत्कालिन राज्य व्यवस्थाले शुद्र वर्णका जातिलाई पानी नचल्ने, छोइछिटो हाल्नु पर्ने गरी अछुत बनाएको थियो । दलित समुदाय र यसमा पनि दलित महिलाहरुको आर्थिक क्षेत्रमा शोषित, सामाजिक क्षेत्रमा उत्पीडित, राजनैतिक क्षेत्रमा उपेक्षित, शिक्षा क्षेत्रमा बञ्चित र धार्मिक क्षेत्रमा अपहेलित भई राज्यको मूल प्रवाहबाट विस्तापित हुन पुगेको कुरा सर्वविदितै छ । दलित महिलाहरुको स्थितिलाई शसक्तिकरण गर्दै सबै क्षेत्रमा विकसित गर्दै राज्यको मूल प्रवाहमा समाहित गराई राष्ट्र निर्माणमा संलग्न गराउनको लागि बिभिन्न संघ र संस्थाहरुले काम गरिरहेका छन् ।

दलित महिलाहरुको सामाजिक अवस्थाको बारेमा व्याख्या गर्दा यिनीहरु आर्य समाजको रेखाभित्र रहेका छन् । यिनीहरुको आफ्नो छुट्टै भाषा छैन् । नेपाली भाषालाई मातृभाषाको रुपमा मान्दछन् र शारीरिक बनावटमा पनि ब्राम्हण क्षेत्रीको भन्दा फरक हुदैन । ब्राम्हण क्षेत्रीसँगको भाषिक एकता र शारीरिक समानतका साथै दलित मलिाहरुले स्वीकार गरेका संस्कारहरु पनि ब्राम्हण क्षेत्रीको संस्कारसँग समानता पाइन्छ ।

### ५.१.१ जनसंख्या :

नमुना छनौट गरिएका डाडाँगाउँ गा.वि.स.का दलित महिलाहरुको उमेर र लैङ्गिक संरचना तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.१**

**नमुना छनौट गरिएका डाडाँगाउँका दलित ममिलाहरुको उमेर र लैङ्गिक संरचना विवरण**

| उमेर समुह | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१४ | ३३ | १३.३० | ३७ | १४.१९ | ७० | २८.२२ |
| १५-५९ | ७६ | ३०.६४ | ९० | ३६.२९ | १६६ | ६६.९३ |
| ६० + | ८ | ३.२२ | ४ | १.६१ | १२ | ४.८३ |
| जम्मा | ११७ | ४७.१७ | १३१ | ५२.८२ | २४८ | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिकमा नं. ५.१ देखाए अनुसार ० देखि १४ वर्ष उमेर समुहको जनसंख्या ७० छ । यो स्थलगत सर्वेक्षण गरिएको कूल जनसंख्याको २८.२२ प्रतिशत हुँन आउँछ । यस समुहको जनसंख्यालाई आश्रित जनसंख्या मानिन्छ भने ६० + उमेर समुहको जनसंख्यालाई पनि आश्रित जनसंख्या मानिन्छ । ६० + उमेर समुहको जनसंख्या १२ छ । यो स्थलगत सर्वेक्षण गरिएको कुल जनसंख्याको ४.८३ प्रतिशत हुन्छ । १५ वर्ष देखि ५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक क्रियाकलापमा सक्रिय वा आर्थिक उपार्जन गर्न सक्ने जनसंख्याको रुपमा लिइन्छ । यसरी आर्थिक उपार्जन गर्न सक्ने उमेर समुहको जनसंख्या १६६ छ । यो सर्वेक्षण गरिएको कुल जनसंख्याको ६६.९३ प्रतिशत हो ।

यस तालिकाबाट के भन्न सकिन्छ भने नमुना सर्वेक्षण गरिएको क्षेत्र सानो अथवा ५० घरधुरीको मात्र जनसंख्या संकलन गरिएको हुँदा आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्याको प्रतिशत बढी भएको र आश्रित जनसंख्याको प्रतिशत कम देखिन्छ । अर्को शब्दमा भन्दा हाम्रो देश विकासशील राष्ट्र भएकोले र अशिक्षाको कारणले गर्दा जन्मदर बढी भएको अवस्थामा आश्रित जनसंख्या बढी देखिनुको सट्टा विकसित राष्ट्रहरुको जस्तो

क्रियाशील जनसंख्या बढी देखिएको छ । यसको कारण सर्वेक्षण गरिएको क्षेत्र सानो अथवा जम्मा ५० घरधुरीको मात्र तथ्याङ्क संकलन गरिएको हुँदा यस्तो देखिएको हो ।

यस तालिकाको अनुसार प्रत्येक उमेर समूहमा पुरुषको भन्दा महिलाको जनसंख्या बढी छ भने ६० + उमेर समुहमा महिला भन्दा पुरुषको जनसंख्या धेरै छ । यसो हुनुमा महिलाको सानै उमेरमा विवाह हुने र सानै उमेरमा आमा बन्ने, सुत्केरीमा स्याहार सुसार नपुग्ने, आहार र स्वास्थ्य सुविधा नपाउनुको कारणले चाडै बढी जस्ती देखिने र जाडै मृत्यु हुने हुनाले ६० + वर्ष उमेर समुहमा पुरुषको भन्दा महिलाको जनसंख्या कम देखिएको हो । तर पनि समग्रमा भन्दा पुरुषको तुलनामा महिलाको जनसंख्या बढी पाइन्छ ।

माथिको तालिका अनुसार ० देखि १४ वर्ष उमेर समुहमा पुरुषको जनसंख्या ३३ अथवा १३.३० प्रतिशत छ भने महिलाको जनसंख्या ३७ अथवा १४.१९ प्रतिशत रहेको पाइन्छ । यसैगरी सक्रिया जनसंख्याको अथवस्था हेर्दा १५ देखि ५९ वर्ष उमेर समुहमा पुरुषको संख्या ७६ अथवा ३०.६४ प्रतिशत छ भने महिलाको जनसंख्या ९० अथवा ३६.२९ प्रतिशत छ । यसैगरी ६० + वर्ष उमेर समुहमा पुरुषको संख्या ८ अथवा ३.२२ प्रतिशत छ भने महिलाको संख्या ४ अथवा १.६१ प्रतिशत रहेको पाइन्छ ।

माथिको तालिका अनुसार पुरुषको भन्दा महिलाको संख्या बढी भए पनि यि महिलाहरु पुरुषमै निर्भर रहेको पाइन्छ । ज्याला, मजदुरी गरेर जम्मा पारेको सम्पत्तिमा पनि श्रीमानकै हैकम चल्ने गरेको पाइन्छ ।

### ५.१.२ वैवाहिक स्थिति :

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । जसले महिलालाई जन्म पश्चात एक छोरीको रुपमा मात्र नरही पत्नी, बुहारी, आमाको रुपमा परिणत गर्दछ । विवाह पश्चात महिलाहरुको हैसियत र भूमिकामा परिवर्तन ल्याई उनीहरुलाई कर्तव्य र कामको भार बढाउँछ । यस अध्ययनमा

धेरैजसो महिलाहरु विवाहित रहेका छन् । वैवाहिक स्थितिको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.२**

**नमुना छनौट गरिएका दलित महिलाहरुको वैवाहिक स्थिति :**

| सि.नं. | वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | २५ | ५०.०० |
| २. | अविवाहित | १५ | ३०.०० |
| ३ | विधवा | १० | २० |
| ४ | सम्बन्ध विच्छेद | - | - |
| जम्मा | | ५० | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.२ अनुसार महिलाहरुको वैवाहिक स्थितिबाट यो स्पष्ट हुन्छ की विवाहित महिलाहरुको संख्या सबैभन्दा बढी २५ अथवा ५० प्रतिशत रहेका छन् भने अविवाहित महिलाहरु १५ अथवा ३० प्रतिशत र विधवा महिलाहरु १० अथवा २० प्रतिशत रहेका छन् । यसरी सर्वेक्षण गरिएको ५० घरधुरीका दलित महिलाहरुमा सम्बन्ध विच्छेदगरी बस्ने महिला कतिपनि देखिदैन । यस गा.वि.स.मा ब्राम्हण, क्षेत्री परिवारमा सम्बन्ध विच्छेद गरी बस्ने महिलाहरु देखिन्छन् भने नमुना सर्वेक्षण गरिएका ५० घरधुरीका दलित महिलाहरुमा सम्बन्ध बिच्छेद गर्ने महिलाहरुको संख्या शुन्य रहेको छ । यस गाउँमा पश्चिमिकरणको कुनै प्रभाव नपरेको र सम्बन्ध विच्छेदलाई समाजले मान्यता नदिएकोले सम्बन्ध विच्छेद गरी बस्ने महिलालाई समाजले नकारात्मक दृष्टिकोणले हेर्ने भएकोले परिवारमा जस्तो सुकै मानसिक तनाव भएपनि सहेर बस्नको संख्या धेरै पाइन्छ भने सम्बन्ध विच्छेद गरी बस्ने महिलाको संख्या पाइदैन ।

### ५.१.३ पारिवारीक संरचना

परिवार प्रमुख आधारभूत सामाजिक संस्था हो । परिवारबाट नै जैविक प्राणिको रुपमा रहेको मानिस सामाजिक प्राणीको रुपमा रुपान्तरित हुने कार्यको थालनी हुन्छ । नेपालको पारिवारीक बनावटका आधारमा एकल र संयुक्त परिवार प्रशस्त मात्रामा भेटिन्छन भने कही कतै बृहत परिवार पनि पाइन्छन्, एकल परिवारमा श्रीमान, श्रीमती, तिनीहरुका अविवाहित छोरा छोरीलाई बुझाउँछ भने संयुक्त परिवारमा एक दम्पत्ती तीन भन्दा बढी वा ती पिढीका सदस्यहरु एकै साथ बस्ने गर्दछन् यस्तो परिवारलाई संयुक्त परिवारको रुपमा लिन सकिन्छ । यस्तो परिवारमा कार्यभार कम पर्ने भएकोले कृषि उन्मुख हाम्रो देशमा बढी पाइन्छ । वर्तमान समयमा एकल परिवारको संख्या पनि बढी रहेको छ । बृहत परिवारमा यति नै पुस्ता र संख्या भनेर किटान गरी भन्न नसकिए पनि लोग्ने र स्वास्नी दुबै पक्षका परिवारका सदस्यहरु संगोलमा रहेको परिवार नै बृहत परिवार हो ।

**तालिका नं. ५.३**

**नमुना छनौट गरिएका दलित महिलाको परिवारको संरचना**

| क्र.स. | परिवारको संरचना | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | एकल परिवार | २२ | ४४ |
| २. | संयुक्त परिवार | २७ | ५४ |
| ३. | बृहत परिवार | १ | २ |
| | जम्मा | ५० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.३ मा देखाए अनुसार यस अध्ययनको लागि छनौट गरिएका ५० घरधुरीका कुल उत्तरदातामध्ये २७ अथवा ५४ उत्तरदाता संयुक्त परिवारमा रहेका छन् । किनकी संयुक्त परिवारमा श्रम शक्ति बढी हुने, कृषि, पशुपालन, घाँस दाउरा, तथा घरमा अन्य बालबालिकाहरुलाई स्याहार सुसार गर्नुपर्ने हुँदा नमुना सर्वेक्षण गरिएको परिवारमा संयुक्त परिवारको संख्या बढी देखिन्छ साथै यस गाउँमा आधुनिकीकरण र व्यक्तिवादको कुनै

प्रभाव परेको देखिदैन । नमुना सर्वेक्षण गरिएका परिवारमा दैनिक आवश्यकता परिपुर्तिको लागि घरमा विभिन्न कामहरु परम्परागत पेशा, कृषि, पशुपालन सवै गर्नुपर्ने हुँदा संयुक्त परिवामा नै सजिलो हुने कुरा सर्वेक्षण गरिएका उत्तरदाता महिलाहरुले वताएका थिए । त्यसैले संयुक्त परिवारको संख्या बढी देखिन्छ भने नमुना सर्वेक्षणमा एकल परिवारको संख्या २२ अथवा ४४ प्रतिशत रहेको छ । यस्तो प्रकारको परिवारको धेरै जसो शहरी समाजमा देखिन्छ । यस अध्ययन क्षेत्रमा बृहत परिवार पनि पाइएको छ । जसको संख्या १ अथवा २ प्रतिशत रहेको छ ।

### ५.१.४ शिक्षा

सामाजिक रुपमा अछुत मानिएका दलित महिलाहरुको शैक्षिक अवस्था निकै पछाडी परेको देखिन्छ । आफ्नो पालामा दलित महिला भएको कारण विद्यालय जान रोक लगाइएको थियो भनेर ५० वर्षिय एक दलित महिलाले अगाडी फेरी भन्छिन् हाल विद्यालय प्रवेश गर्नबाट रोक नलगाएको भए पनि आफ्नो जातिका कुनै पनि महिलाले उच्चशिक्षा हासिल नगरेको र आफ्ना सन्तानलाई पनि उच्च शिक्षाको लागि त्यत्ति ध्यान नदिएको स्वीकार गर्छिन् ।

**तालिका नं. ५.४**

**नमुना छनौट गरिएका दलित महिलाहरुको साक्षर अवस्थाको विवरण**

| विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | ८५ | ३६.९५ | ७५ | ३६.६० | १६० | ६९.५६ |
| निरक्षर | २५ | १०.८६ | ४५ | १९.५६ | ७० | ३०.४३ |
| जम्मा | ११० | ४७.८२ | १२० | ५२.१७ | २३० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.४ मा देखाइए अनुसार यस अध्ययनका लागि छनौट गरिएका ५० घरधुरीका कुल जनसंख्या मध्ये चार वर्ष सम्मका बालबालिकाहरुको संख्या बाहेकको जनसंख्याको शैक्षिक अवस्था हेर्दा महिलाको अनुपातमा पुरुषहरु नै लेख्न, पढ्न सक्ने र

शिक्षित देखिन्छन् । कुल जनसंख्याको ३६.९५ प्रतिशत पुरुषहरु साक्षर छन भने १०.८६ प्रतिशत पुरुषहरु मात्र निरक्षर देखिन्छन् । कुल जनसंख्याको ३२.६० प्रतिशत महिलाहरु साक्षर देखिन्छन् भने १९.५६ प्रतिशत महिलाहरु निरक्षर छन् ।

समग्रमा पुरुषहरुको अनुपातमा महिलाहरुको साक्षरता दर कम र निरक्षरको दर बढी हुनुमा घरको कामकाजमा सहयोग गर्नुपर्ने, घरमा भएका अन्य बालबालिकाहरुलाई स्याहार, सुसार गर्नुपर्ने र विवाह गरेर अर्काको घरमा पठाउने भएकाले आमा बाबुले छोरीलाई स्कूल नपठाउने प्रथाले गर्दा महिलाको साक्षरता दर कम भएको पाइन्छ ।
यस अध्ययनमा ३५ बर्षिय दलित महिलालाई स्कुलमा तपाइका छोराछोरीलाई भेदभाव गरिन्छ कि गरिदैन भनेर सोध्दा उनले भन्छिन स्कुलमा दलित जातिका विद्यार्थी र उच्च जातका विद्यार्थीहरु वीच शिक्षकले भेदभाव गरेको पाइदैन तर उच्च जातका विद्यार्थीहरुको साथी दलित जातिका विद्यार्थीहरुसँग नभएको र दलित विद्यार्थी कक्षाकोठामा पछाडी बस्नुपर्ने उनको कथन थियो ।

**तालिका नं. ५.५**

**डाडाँगाउँका दलित महिलाहरुको शैक्षिक विवरण**

| शैक्षिक स्तर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १-५ | ५६ | ३५.० | ३९ | २४.३ | ९५ | ५९.३ |
| ६-९ | १३ | ८.१ | २६ | १६.२ | ३९ | २४.३ |
| एस.एल.सी. | ११ | ६.८ | ६ | ३.७ | १७ | १०.६ |
| आई.ए. + | ५ | ३.१ | ४ | २.५ | ९ | ५.६ |
| जम्मा | ८५ | ५३.१२ | ७५ | ४६.८७ | १६० | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ५.५ अनुसार दलित महिलाहरुको शैक्षिकस्तरको अध्ययन गर्दा कुल साक्षर जनसंख्यामा पुरुषको संख्या भन्दा महिलाको संख्या कम भएको पाइन्छ भने कक्षा ५ सम्म

मात्र अध्ययन गर्नेको संख्या हेर्दा पुरुषको संख्या ५६ अथवा ३५ प्रतिशत छ भने महिलाको संख्या ३९ अथवा २४.३ प्रतिशत भएको पाइन्छ। यसैगरी कक्षा ९ सम्म अध्ययन गर्नेको संख्या जम्मा ३९ अथवा २४.३ प्रतिशत छ । यसमा पुरुषको संख्या १३ अथवा ८.१ प्रतिशत र महिलाको संख्या २६ अथवा १६.२ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी एस.एल.सी. पास गर्नेको संख्या हेर्दा १७ जना अथवा १०.६ प्रतिशत मात्र छ । यसमा पुरुषहरुको संख्या ११ अथवा ६.८ प्रतिशत छ भने महिलारुको संख्या ६ अथवा ३.७ प्रतिशत छ। विद्यालय स्तर पास गरेर क्याम्पस स्तरमा पढेकाहरुको संख्या पनि निकै कम देखिन्छ। जसमा पुरुषहरुको संख्या ५ अथवा ३.१ प्रतिशत छ भने महिलाहरुकोा संख्या ४ अथवा २.५ प्रतिशत हुन आउँछ । यसरी साक्षरताको स्थितिलाई हेर्दा पनि महिलाको अनुपातमा पुरुषहरुको संख्या धेरै छ भने शैक्षिक विवरणमा पनि प्रत्येक तह र जति माथी तह बढ्दै जान्छ महिलाको संख्या वा प्रतिशत घट्दै गएको पाइन्छ। छोरीलाई अर्काको घरमा जाने जात भनेर उच्च शिक्षा दिनमा चासो दिएको पाइदैन साथै उच्च शिक्षाको लागि आर्थिक श्रोत जुटाउन नसक्ने भएकोले दलित महिलाहरुको उच्च शिक्षाको डर घट्दै गएको पाइन्छ।

### ५.१.५ धर्म

विश्वको कुनै पनि मानिस कुनै न कुनै धर्मबाट प्रभावित हुन्छन् र आश्रित पनि हुन्छन्। प्राचीन कालदेखी नै नेपालमा हिन्दु धर्मको बाहुल्यता रहेदै आएको हुनाले प्रजातन्त्रको पुनर्वहाली पश्चात निर्मित नेपाल अधिराज्यको संविधानले नेपाललाई हिन्दु संवैधानिक राजतन्त्रातमक अधिराज्यको रुपमा स्थापित गरेको भए तापनि जनआन्दोलन २०६२/०६३ अथवा लोकतन्त्रको स्थापना पछाडी धर्म निरपेक्ष देश भनी घोषणा गरिएको छ तापनि यहाँ हिन्दु धर्मावलम्बीको संख्या अत्याधिक रहेको पाइन्छ।

हिन्दु धर्मको अनुसरण गर्ने विभिन्न जातिका महिलाहरुमध्ये दलित महिलाहरु पनि एक हुन । दलित महिलाहरुमध्ये धेरैजसो हिन्दु धर्मालम्बी भए पनि कतिपय महिलाहरु क्रिश्चियन र बौद्ध धर्म प्रति लागेको पाइन्छ ।

दलित महिलाहरुले मान्ने गरेको धर्मको विवरणलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.६**

**दलित महिलाले मान्ने गरेको धर्मको विवरण**

| क.स. | धर्मको विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | हिन्दु | ३८ | ७६.०० |
| २. | बौद्ध | ३ | ६.०० |
| ३. | क्रिश्चिय | ९ | १८.०० |
| | जम्मा | ५० | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.३ अनुसार स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरी मध्ये ३८ अथवा ७६ प्रतिशत घरधुरीका महिलाहरु हिन्दु धर्ममा विश्वास गर्दछन् भने ३ अथवा ६ प्रीतशत घरधुरीका महिलाहरु बौद्ध धर्ममा विश्वास गर्दछन् । भने क्रिश्चिय धर्म मान्ने परिवारको संख्या ९ अथवा १८ प्रतिशत छ ।

यसरी डाडाँगाउँ गा.वि.स.का दलित महिलाहरुले मान्ने गरेको धर्मको विवरण हेर्दा धर्म परिवर्तन गर्ने प्रचलन बढ्दै गइरहेको छ । हिन्दु धर्ममा भएको उचनीच, भेदभाव, छुवाछुत आदिले गर्दा हिन्दु धर्म त्यागेर क्रिश्चियन धर्ममा लाग्ने प्रथा दिन प्रतिदिन बढ्दै गइरहेको छ । किनभने हिन्दु धर्मको तुलनामा क्रिश्चियन धर्ममा छुवाछुत, भेदभाव र उचनीच निकै कम हुन्छ । हिन्दु धर्मको तुलनामा क्रिश्चियन धर्ममा भेदभाव भएको देखिएन ।

### ५.१.५ भाषा र संस्कार :

संसारमा सबै मानिसहरुको लागि आफ्नो मनका भावना, विचार, इच्छा व्यक्त गर्न कुनै न कुनै भाषाको जरुरत पर्दछ । त्यस्तै नेपालमा बसोबास गर्ने विभिन्न जाति तथा जनजातिहरुको आ-आफ्ना भावना प्रकट गर्ने माध्यम पनि उनीहरको आ-आफ्नै मातृभाषा र नेपाली भाषा नै हो । यहाँका दलित जातिका महिलाहरुले प्रयोग गर्ने भाषा नेपाली नै हो । यिनीहरुको छुट्टै मातृभाषा भएको पाइदैन ।

संस्कार र संस्कृतिको कुरा गर्दा दलित महिलाहरुले पनि अन्य महिलाहरुले मान्ने पर्वहरु र संस्कारहरुलाई पछ्याएको पाइन्छ । हिन्दु धर्म मान्ने दलित महिलाहरुले अन्य हिन्दु धर्मालम्बी महिलाहरुले मनाउने गरेको विभिन्न चाडपर्वहरु जस्तै तीज, दशैं, तिहार, जनैपूर्णिमा, माघे संक्रान्ति, होलीपूर्णिमा, चैते दशै आदि पर्व मनाउने चलन छ भने क्रिश्चियन दलित महिलाहरुले पनि अन्य जातका क्रिश्चियन महिलाहरुले जस्तै आ-आफ्ना पर्वहरु मनाउने गर्दछन् ।

दलित महिलाहरुले मान्ने गरेका विभिन्न संस्कारहरु पनि अन्य जातका महिलाहरुले मान्ने गरेको पाइन्छ । बच्चा जन्मेपछि न्वारन गर्ने, राम्रो दिन हेरेर खाना खुवाउने, साइतमा विवाह गर्ने, मानिसको मृत्यु भएमा जुठो बार्ने जस्ता संस्कारहरु रहेको पाइन्छ ।

## ५.२ डाडाँगाउँ दलित महिलाहरुको आर्थिक अवस्था

दलित महिलाहरुको आर्थिक स्थितिको चर्चा गर्दा के कुरालाई ध्यानमा राख्नुपर्छ भने नेपालमा हिन्दु धर्मको प्रभुत्व रहेको छ । हिन्दु, पितृ सतात्मक समाजमा पुरुषको प्रधानता र प्रभुत्व नै बढी रहेको हुन्छ । जहाँ स्वभावैले पैत्रिक सम्पत्तिको उत्तराधिकारी छोरातर्फ सर्दै जान्छ । महिलाहरु पुरुषमाथी निर्भर एंव आश्रित हुन्छन् । पुरुषको प्रथम स्थान र महिलाको द्वितिय स्थान रहेको हुन्छ भने महिलाहरु आर्थिक पराधिनतामा रहेका हुन्छन् । महिलाहरु पुरुषको अधिनमा रहनु पर्ने स्थिति नेपालका प्रायजसो सबै जातजातिहरुको प्रथाको रुपमा रहदै आएको छ । यो प्रथा दलित महिलामा पनि यथावत छ । दलित समाजमा पनि सम्पत्तिको हक र अधिकार प्रायः पुरुषमा नै हुन्छ । ज्याला मजदुरी गरेर जम्मा पारेको रकममा पनि प्राय,

श्रीमानकै हक र अधिकार हुन्छ । पैत्रिक सम्पत्तिमा पनि पुरुषकै हक हुन्छ र उनीहरुको अधिनमा हुने भएकोले प्रायः पुरुषकै नाममा रहेको हुन्छ ।

### ५.२.१ पेशा

दलित महिलाहरुको आर्थिक अवस्थाको बारेमा कुरा गर्दा यिनीहरुको पेशाको बारेमा चर्चा गर्नु जरुरी हुन्छ । पैत्रिक सम्पत्ति बाहेक पेशाले नै आर्थिक स्थितिको निर्धारण गर्दछ । सामन्यतया कृषि पेशाले नै प्रभाव पारेको पाइन्छ । तर पनि आजभोली कृषि पेशालाई विस्तारै विस्तारै छाड्दैअन्य नगद आम्दानी हुने पेशालाई अंगाल्न थालेको पाइन्छ । यस जातिका महिलाहरुको पेशाको विवरणलाई निम्न अनुसार तलको तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ५.७**

**डाडाँगाउँका दलित महिलाहरुले अपनाउने पेशाको विवरण**

| पेशा | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि | ३७ | २६.० | १५ | १०.५ | ५२ | ३६.६ |
| परम्परागत पेशा | १० | ७.० | ३ | २३.२ | ४३ | ३०.२ |
| घरधन्दा | २३ | १६.१ | ० | ० | २३ | १६.१ |
| यातायात मजदुर | ० | ० | ५ | ३.५ | ५ | ३.५ |
| आर्काकोमा काम गर्ने | १ | ०.७ | ६ | ४.२ | ७ | ४.९ |
| वैदेशिक रोजगार | ० | ० | ३ | २.१ | ३ | २.१ |
| नोकरी | ४ | २.८ | ५ | ३.५ | ९ | ६.३ |
| जम्मा | ७५ | ५२.८ | ६७ | ४७.१८ | १४२ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.७ अनुसार दलित महिलाहरुको पेशागत स्थितिलाई बुझ्न सकिन्छ । अध्ययन गरिएका ५० घरधुरीका सम्पूर्ण कार्यरत महिलासँग सोधिएको प्रश्नको आधारमा यो तालिका तयार पारिएको हो । यो तालिका अनुसार कृषि व्यवसाय वा कृषि मजदुरको रुपमा दलित महिलाहरुको उपस्थिति बढी छ । जहाँ ज्याला न्यून हुन्छ र परिश्रम बढि गर्नुपर्दछ । अर्कोतर्फ कृषि मजदुर वा कृषि व्यवसाय गर्दा आफ्नै गाउँ घरमा गरिने हुनाले

महिलाहरु गाउँ घरमै सीमित हुन्छन् । कृषि व्यवसाय वा कृषि मजदुरको रुपमा पूरुषहरुको उपस्थिति १५ जना मात्र छन् जुन कुल कामदारको संख्याको १०.५ प्रतिशत हुन आउँछ भने कृषि कामदारका रुपमा उपस्थित हुने महिलाको संख्या ३७ छ जुन कूल कामदारको संख्याको २६ प्रतिशत हुन्छ । यसैगरी परम्परागत पेशालाई हेर्दा १० जना अथवा ७ प्रतिशत महिलाले मात्र परम्परागत पेशा अपनाएको पाइन्छ । परम्परागत पेशा अपनाउने पुरुषहरुमा जुत्ता सिलाउने, फलामको भाँडा बनाउने र कपडा सिलाउने पनि रहेका छन् । परम्परागत पेशा अपनाउने पुरुषहरुको संख्या ३३ अथवा २३.३ प्रतिशत रहेको पाइन्छ ।

यसै गरी घरधन्दामा मात्र सिमित महिलाहरुको संख्यालाई हेर्दा यस्ता महिलाहरुको संख्या २३ अथवा १६.१ प्रतिशत छ । घरधन्दामा पुरुषहरुको संख्या शुन्य छ भने यातायात मजदुरमा ६ जना पुरुषहरु आबद्ध छन् जसको प्रतिशत ३.५ हुन आउँछ भने यातायात मजदुरमा महिलाहरुको उपस्थिति शुन्य छ । यसैगरी अर्काको घरमा वा पसलमा काम गर्ने पुरुषहरुको संख्या ६ अथवा ४.२ प्रतिशत रहेको छ । बैदेशिक रोजगारको अवस्थालाई हेर्दा महिलाहरुको उपस्थिति रहेको छैन भने पुरुषहरुको संख्या ३ अथवा २.१ प्रतिशत रहेको छ । नोकरीमा महिलाको संख्या ४ अथाव २.८  प्रतिशत र पुरुषहरुको संख्या ३.५ प्रतिशत रहेको पाइन्छ ।

माथीको तालिका अनुसार काम गर्नेको जनसंख्यालाई हेर्दा पुरुषको संख्या भन्दा महिलाको संख्या बढी छ । काम गर्ने महिलाको संख्या ७५ अथवा ५२.८ प्रतिशत छ भने काम गर्ने पुरुषको संख्या ६७ अथवा ४७.१८ प्रतिशत छ । यस्तो हुनुको प्रमुख कारण यो हो कि, पुरुषहरु राम्रो आय आर्जन हुने काममा मात्र जान्छन् भने महिलाहरु कम आय आर्जन हुने काममा पनि उपस्थित हुन्छन् । यदि राम्रो आम्दानी हुँदेन भने पुरुषहरु यत्तिकै घुमेर बस्छन् तर महिलाले यो भन्ने अवस्था छैन । यसको ज्वलन्त उदाहरण गाउँ घरमा हुने कार्यक्रमलाई लिन सकिन्छ । गा.वि.स., कुनै संघ संस्था अथवा कुनै समुहले कार्यक्रम आयोजना गऱ्यो भने त्यहाँ पुरुषको तुलनामा महिलाहरु नै बढी उपस्थित भएको पाइन्छ ।

किनभने त्यहाँ कुनै नगद आम्दानी हुँदैन । अर्को कुरा यो तालिकाबाट के भन्न सकिन्छ भने महिलाहरु गाउँ घरमै सीमित छन् ।

### ५.२.२ पशुपालन

डाडाँगाउँ गा.वि.स. अन्तर्गत दलित जातिको बसोबास भएका वडा नं. ७ र ९ मा सामुदायिक बन लगायत सार्वजनिक वन क्षेत्र बढी भएको र पशुपालनको लागि आवश्यक घास, स्याउँला, आदिको आपूर्ति सजिलैसँग गर्न सक्ने क्षमता भए पनि यस जातिका कुनै पनि परिवारले व्यवसायको रुपमा पशुपालन गरेको देखिदैन । यस जातिका केही परिवारले १/२ वटा गाई, बाखा, बंगुर, बँदेल पालेको स्थलगत सर्वेक्षणबाट देखिए तापनि पशुपालन तर्फ यस जातिले त्यति चासो दिएको जस्तो लाग्दैन ।

**तालिका नं. ५.८**

**दलित परिवारमा पशुपालनको स्थिति**

| पशुको विवरण | पशु पाल्ने परिवार संख्या | प्रीतशत | पशुको संख्या | प्रतिशत |
|---|---|---|---|---|
| गाई | ८ | १९.०४ | ९ | १०.२२ |
| बाखा | १८ | ४२.८५ | ५७ | ६४.७७ |
| बंगुर | १५ | ३५.७१ | २१ | २३.८६ |
| बदेल | १ | २.३८ | १ | १.१३ |
| जम्मा | ४२ | १००.०० | ८८ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.८ अनुसार यस जातिले आर्थिक उपार्जनको रुपमा पशुपालन व्यवसायलाई अपनाएको पाइदैन । यस अध्ययनको लागि जम्मा ५० घर छनौट गरिएकोमा पशुपाल्ने

परिवारको संख्या ४२ मात्र देखिन्छ जुन परिवारको संख्या कुल परिवार संख्याको ८४ प्रतिशत हुन्छ भने १६ प्रतिशत परिवारले पशुपालन नगरेको पाइन्छ ।

यसरी पशुपालन गर्ने ४२ पविार मध्ये ८ परिवारले अर्थात् १९.०४ प्रतिशतले गाई पालेको पाइन्छ भने कुल पशुपालन गर्ने परिवार मध्ये १८ अथवा ४२.८५ प्रतिशतले बाखा पालेको पाइन्छ र त्यसैगरी बंगुर, पाल्ने परिवारको संख्या १५ अथवा ३५.७१ प्रतिशत रहेको छ भने बदेल पाल्ने परिवारको संख्या १ अथवा २.३८ प्रतिशत रहेको छ । यसरी पशुपाल्ने परिवारहरुले पशुको संख्यामा गाई पाल्ने परिवारको संख्या ८ भए पनि गाईको संख्या ९ अथवा कुल पशुको संख्याबाट ११.२२ प्रतिशत छ । त्यसैगरी बाखाको संख्या ५७ अथवा ६४.७७ प्रतिशत, बंगुरको संख्झा २१ अथवा २३.८६ प्रतिशत र बँदेलको संख्या १ अथवा १.१३ प्रतिशत पशुहरुको संख्या छ ।

यसरी पशुपालनको सगसँगै आफ्नो घरमा १-१४ वटा कुखुराहरु पनि पालेको पाइन्छ । यसरी पशुपालन सँगै कुखुरा पाल्ने परिवारको संख्या ११ छ भने ११ परिवारले पालेको कुखुराको संख्या ८७ छ ।

यसरी दलित परिवारमा पशुपालनको विवरण र यसमा खट्ने मान्छेको बारेमा कुरा गर्दा पशुपालनमा लगभाग ९५ प्रतिशत काम महिलाहरुकै हुन्छ । गोबर, सोत्तर, घाँस, दाना, हेरविचार सबै कार्य महिलाहरुले नै गरेको पाइन्छ । तर स्याहार सुसार हुर्काउने बढाउने कार्य महिलाद्धारा भए पनि अन्त्यमा आएर बेचविखन गर्ने कार्य पुरुषबाट भएको पाइन्छ ।

### ५.२.३ जमिनको वर्गिकरण :

डाडाँगाउ गा.वि.स. अन्तर्गत पर्ने वडा नम्बर ७ र ९ मा दलित जातिको बसोबास भएको र उनीहरुको जीवन निर्वाहको प्रमुख श्रोत कृषि भए पनि यस जातिको स्वामित्वमा जमीन एकदमै कम भएको पाइन्छ । दलित जातिको बस्ति प्रायः पाखोबारीतिर, सडकको छेउमा भएको ऐलानी जग्गामा भएको पाइन्छ भने विभिन्न किसिमका अन्न उत्पादन हुने र हुनसक्ने जमीनमा यिनीहरुको पहुच निकै कम भएको पाइन्छ ।

नमुना सर्वेक्षण गरिएका ५० घरधुरी मध्ये ७ परिवारसँग आफ्नो स्वामित्वमा कुनै जग्गा नभएको जानकारी हुन्छ यो कुल परिवार संख्याको १४ प्रतिशत हुँन आउँछ भने आफ्नो जमिन हुने परिवारको संख्या ४३ अथवा ८६ प्रतिशत छ ।

जमिनको स्वामित्व भएका दलित परिवारमा दलित महिलाहरुको जमिनमा स्वामित्वको अवस्थालाई हेर्दा यो निकै कम भएको पाइन्छ । दलित परिवारमा पनि अन्य जातिमा जस्ते जमिनको स्वामित्वमा पुरुषहरुकै हावी भएको पाइन्छ । यो कुरालाई निम्न तालिकाद्धारा देखाउन सकिन्छ ।

**तालिका नं. ५.९**

**दलित महिलामा जमिनको स्वामित्वको विवरण :**

| जमिनको क्षेत्रफल | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ०-१ रोपनी | ४ | ९.३० | ३ | ६.९७ | ७ | १६.२७ |
| २-३ रोपनी | ६ | १३.९५ | ९ | २०.९३ | १५ | ३४.८८ |
| ४-५ रोपनी | १ | २.३२ | १० | २३.२५ | ११ | २५.८५ |
| ५ रोपनी भन्दा माथि | २ | ४.६५ | ८ | १८.६० | १० | २३.२५ |
| जम्मा | १३ | ३०.२३ | ३० | ६९.७६ | ४३ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.९ बाट स्पष्ट रुपमा बुझ्न सकिन्छ कि यस जातिमा पनि अन्य जातिको जस्तै जमिनको स्वामित्वमा महिलाहरुको पहुँच निकै कम छ । आफ्नो स्वामित्वमा १ रोपनी सम्म जमीन हुने, महिलाहरुको संख्या ४ छ, यो कुल जमीनको स्वामित्व भएको दलित परिवारको संख्याको ९.३० प्रतिशत हुन आउँछ । १ रोपनीसम्म जमिनको स्वामित्व भएका पुरुषहरुको संख्या ३ अथवा ६.९७ प्रतिशत रहेको छ । त्यसैगरी २ देखि ३ रोपनीसम्म जमिनको स्वामित्व भएका महिलाहरुको संख्या ६ अथवा १३.९५ प्रतिशत छ भने पुरुषको संख्या ९ अथवा २०.९३ प्रतिशत छ । त्यसैगरी ४ देखि ५ रोपनी सम्म जमिनको स्वामित्व भएका महिलाहरुको संख्या १ अथवा २.३२ प्रतिशत छ भने पुरुषहरुको

संख्या १० अथवा २३.२५ प्रतिशत रहेको छ । यसैगरी ५ रोपनीभन्दा माथि जग्गा भएका परिवारमा जमिनको स्वामित्व भएका महिलाहरुको संख्या २ अथवा ४.६५ प्रतिशत र पुरुषको संख्या ८ अथवा १८.६० प्रतिशत छ ।

माथिको तालिकाबाट जग्गाको स्वामित्वमा महिलाहरुको अवस्थालाई व्याख्या गर्दा थोरै जग्गाको स्वामित्व केही महिलाहरुको नाममा भए पनि धेरै जग्गाको स्वामित्वमा महिलाहरु निकै पछाडी छन् । यसैमा पनि महिलाहरुमा जमिनको स्वामित्व आउनुमा श्रीमान्को मृत्यु भएपछि सोही सम्पत्ति श्रीमतीमा नामसारी भएको पाइन्छ भने केही दलितहरुले आफ्नै नगद आर्जन गरी श्रीमतीको नाममा सुरक्षित राखेको पाइन्छ । यसरी श्रीमतिको नाममा राखेमा भाइ अंश नलाग्ने भएकोले यसो गरेको पाइन्छ । श्रीमतिको नाममा अंश राखिएपनि सम्पत्तिको भोग चलन र बेच विखन श्रीमानले नै गरेको पाइन्छ तर यसो गर्नको संख्या निकै कम छ ।

### ५.२.४ खाद्यान्न परिपूर्तिको स्थिति :

जुनसुकै जात, वर्ग, पेशासँग सम्बन्धित भए पनि खाद्यान्न प्राणीहरुको लागि अति आवश्यक तत्व हो । नेपालमा बसोबास गर्ने जाति, वर्ग समुदाय जे जति छन् तिनीहरुले पनि केही न केही उत्पादन, उपभोग गरी आफ्नो जीवनलाई परिपुर्ति गरिरहेका हुन्छन् । त्यस्तैं डाडाँगाउँमा बसोबास गर्दै आएका दलित जातिको स्वामित्वमा जमिन अति नै कम भएकोले पनि यिनीहरुले अरुको स्वामित्वमा रहेको जमीनमा मोहीको रुपमा काम गर्दै आएका छन् । यस जातिको केही जनसंख्या कृषि मजदुरको रुपमा भए पनि जमिनबाटै वर्षभरि नै खाद्यान्न पुग्ने परिवारको संख्या निकै कम छ ।

## तालिका नं. ५.१०

## दलित जातिमा खाद्यान्न परिपुर्तिको स्थिति

| खान पुग्ने महिला | आफ्नै जग्गा द्धारा | प्रतिशत | कमाएको जग्गा द्धारा | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि ३ महिना | ५ | २९.४१ | २ | ४०.०० |
| ४ देखि ६ महिना | ६ | ३५.२९ | २ | ४०.०० |
| ७ देखि ९ महिना | २ | ११.७६ | ० | ० |
| १० देखि १२ महिना | ४ | २३.५२ | ० | ० |
| १२ महिना भन्दा बढी | ० | ० | १ | २०.०० |
| जम्मा | १७ | १०० | ५ | १००.०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका नं. ५.१० बाट के देखिन्छ भने यस जातिको अत्याधिक जनसंख्यालाई आफ्नो जग्गाद्धारा अथवा कमाएको जग्गाद्धारा वर्ष भरिनै खान पुग्ने अवस्था निकै कम भएको पाइन्छ । आफ्नै जग्गद्धारा ३ महिनासम्म खान पुग्ने, परिवारको संख्या ५ अथवा २९.४१ प्रतिशत छ भने ४ महिनादेखि ६ महिनासम्म आफ्नो जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या ६ अथवा ३५.२९ प्रतिशत छ भने ७ महिना देखि ९ महिना सम्म आफ्नो जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या २ अथवा ११.७६ प्रतिशत छ भने १० महिनादेखि १२ महिनासम्म आफ्नै जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या ४ अथवा २३.५२ प्रतिशत छ । आफ्नो जग्गाको आम्दानीले वर्षदिन भन्दा बढी खान पुग्ने परिवारको संख्या शुन्य छ ।

यसैगरी अर्काको जग्गा कमाएर, अर्काको जग्गाको आम्दानीले आफ्नो जिविका चलाउने परिवारको संख्या जम्मा ५ छ । यस मध्ये अर्कोको जग्गाको आम्दानीबाट ३ महिनासम्म खान पुग्ने परिवारको संख्या २ अथवा ४० प्रतिशत छ । यसैगरी ४ महिनादेखि ६ महिनासम्म अर्काको जग्गाको आम्दानीले खाना पुग्ने परिवारको संख्या पनि २ अथवा ४०

प्रतिशत नै छ । यसैगरी ७ देखी ९ महिना र १० देखि १२ महिना सम्म खान पुग्नेको संख्या शुन्य छ भने वर्ष भरि भन्दा बढी अर्काको जग्गाको आम्दानीले खान पुग्ने परिवारको संख्या १ अथवा २० प्रतिशत छ ।

माथिको तालिकाद्धारा के बुझिन्छ भने स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरी मध्ये लगभग सबैले खाद्यन्नको परिपूर्ति बजारबाट नै गरेको पाइन्छ । आफ्नो जग्गा प्रशस्त नभएका कारणले पनि यस जातिमा जीविको पार्जनको लागि निकै समस्या भएको देखिन्छ । यसरी सर्वेक्षण गरिएका घरधुरीमध्ये खाद्यान्न पुग्ने परिवारको संख्या निकै कम देखिन्छ ।

**५.३ डाडाँगाउ दलित महिलाहरुको राजनैतिक अवस्था :**

हरेक व्यक्ति या त पुरुष होस या महिला उनीहरुको भूमिकालाई सामाजिक र सांस्कृतिक तत्वले असर गर्दछ । त्यसैले महिलाहरुको लागी राजनैतिक सहभागिता यसको अपवाद हुन सक्दैन् । नेपाल पितृबंशीय सामाजिक संरचना भएको र बहुधार्मिक, बहुसांस्कृतिक संरचना भएको राष्ट्र हो । हिन्दु परम्परावादी सोचाई र पितृवंशीय सामाजिक संरचनाको प्रभावले राजनीतिमा पनि लैङ्गिक विषमता सिर्जना गरेको छ । नेपालमा हरेक व्यक्तिको सामाजिक स्थिति जन्मसिद्ध रहेको हुन्छ । जसले गर्दा राजनितिमा लैङ्गिक असमानता हुनु पनि स्वभाविकै हो । पुरुष र महिलाको विचमा रहेको लैङ्गिक असमानता शिक्षा, पेशा, सम्पत्तिको अधिकार ज्याला आदिमा पनि कायम रहेको हुन्छ ।

वि.सं. २००७ सालदेखि २०४६ साल हुँदै वि.सं. २०६२/०६३ सालको जनआन्दोलन सम्मका सबैजसो आन्दोलन र राजनैतिक संस्थाहरुमा दलित समुदाय र दलित महिलाको सहभागिता हुँदै आइरहेको । राजनैतिक पार्टिहरुले पनि दलितहरुप्रति र दलित महिलाहरु प्रति सबै क्षेत्रमा समान व्यवहारको नारा लगाइरहेका छन् । यति हुँदा हुदै पनि दलित र दलित महिलाहरुको अधिकांश संख्या शिक्षा, सांस्कृतिक, चेतना, सामाजिक मर्यादा र आर्थिक क्षेत्रमा पछाडी परेकोले उनीहरु राजनैतिक नेतृत्वको प्रमुख स्थानमा पुग्न सकेका छैनन् ।

समयको परिवर्तन सँगसँगै सोच विचारको पनि परिवर्तन हुँदै जान्छ तर पनि जातियताको आधारमा हुने उचनिचतामा, छुवाछुतमा केही मात्रामा कमी भए पनि उल्लेखनीय रुपमा सफलता भने हुन सकेको छैन् । कानूनी रुपमा जातियताको आधारमा हुने भेदभावलाई अन्त्य गरिए पनि यसले मानिसको सोचाईमा, व्यवहारमाभने परिवर्तन गर्न सकेको छैन् । सार्वजनिक ठाउँमा अलिकति खुकुलो व्यवहार देखिए तापनि निजी क्षेत्र अथवा ठाउँमा यस्तो खुकुलो व्यवहार पाइदैन् ।

डाडाँगाउका दलित महिलाहरुको राजनैतिक स्थितिलाई हेर्दा ज्यादै न्यून अवस्था भएको पाइन्छ । यद्यपि विभिन्न राजनैतिक दलहरुले विभिन्न क्षेत्र तर्फ महिला सहभागिता कम्तीमा ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जाहेर गरे पनि हालसम्म यो प्रतिबद्धता शुद्ध रुपमा कार्यन्वयन भएको छैन । यहाँका दलित महिलाहरुले कुनै निर्वाचनमा स्थान पाएका छैनन् । भोट खसाल्ने अधिकारको पनि स्वतन्त्र रुपमा प्रयोग गर्न पाएका छैनन् । हालसम्मका गा.वि.स.को निर्वाचनमा एउटा मात्र दलित पुरुषले सदस्यको स्थान पाएका थिए भने दलित महिलाले आजसम्ममा त्यो अवसर पाएका छैनन् ।

नेपाली नागरिक भनेर चिनिन र कतै पनि केही काम गर्नको लागि नागरिकताको आवश्यकता पर्दछ । डाडाँगाउका दलित महिलाहरु आफ्नो परिचय पत्रको रुपमा रहेको नागरिकता लिनको लागी निकै सचेत देखिन्छन् । नागरिकता विना विभिन्न सरकारी काम गर्न नमिल्ने गा.वि.स. मा दिइने विभिन्न तालिममा सहभागिता जनाउन नपाइने र जग्गा आफूले लिन चाहे पनि नपाइने भएकोले नागरिकताको महत्वलाई बुझ्दै नागरिकता लिनमा होसियार रहेको पाइन्छ ।

स्थलगत सर्वेक्षण गरएका ५० घरधुरीका ५० महिलाहरु मध्ये ४५ महिलासँग नागरिकता भएको पाइन्छ भने ५ जना महिलासँग नागरिकता छैन् । नागरिकता लिने यि ४५ महिला मध्ये रोजगारको लागि नागरिकताको प्रमाणपत्र लिने महिलाको संख्या ७ छ भने जग्गा आफ्नो नाममा लिनको लागि नागरिकता लिनेको संख्या १३ छ । गा.वि.स. द्वारा दिइने

बिभिन्न सीपमुलक तालिममा सहभागी हुनको लागि नागरिकता लिनेको संख्या ११ छ भने लिनुपर्छ वा चाहिन्छ वा यत्तिकै लिएको भन्ने महिलाहरुको संख्या १४ छ ।
यसैगरी गा.वि.स.मा आयोजना हुने विभिन्न कार्यक्रमहरु, विभिन्न संघ संस्थाद्धारा आयोजित कार्यक्रमहरुमा सहभागिता जनाउनेहरुको संख्यालाई हेर्दा पुरुषको संख्या भन्दा महिलाहरुको संख्या बढी भएको पाइन्छ । हालैका दिनहरुमा महिला सहभागिता बढ्दै गएको छ भन्छन गा.वि.स.का सक्रिय सदस्य दयाराम थापा ।

स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरीका ५० महिलाहरुलाई गा.वि.स.का चुनावमा उमेद्वार हुनभएको छ कि छैन भनेर सोध्द्धा उनीहरुले उमेद्वारी नभएको र चुनाव मा उमेद्वार हुँदा प्रतिस्पर्धा हुनेर त्यो पनि धनमा आधारित छ । जसले बढी धर्न खर्च गर्न सक्छ उसैको राजतितिमा पकड हुने स्थिति सिर्जन पनि भएको छ त्यसैकारण हामीले राजनीतिमा भाग नलिएको भन्नेहरु ४६ जना महिला छन् भने चुनावको  बारेमा हामीलाई थाहाँ छैन भन्ने ४ जना महिला रहेका छन् ।

स्थलगत सर्वेक्षण गरिएका ५० घरधुरीका दलित महिलाहरुको राजनितीक अवस्थाको बारेमा भन्दा अत्यन्तै न्यून राजनीतिक सहभागिता रहेको पाइन्छ वा नमुनाको रुपमा लिएका ५० घरधुरीका महिलाहरुमा कुनै पनि महिला सक्रिय रुपमा राजनीतिमा लागेको पाइदैन् । आर्थिक कमजोरीको कारण राजनीतिमा लाग्न नसकेको उत्तरदाता महिलाहरु बताउँछन् ।

# अध्याय ६

# दलित महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक बहिष्करण

नेपालमा जनसंख्याको आधा जनसंख्या ओगटेका महिलाहरुको विभिन्न अवस्थाको बारेमा अध्ययन र अनुसन्धा गर्दा वास्तवमै यिनीहरुको अवस्था निकै दयनीय भएको पाइन्छ । यसमा पनि दलित महिलाहरुको अवस्थालाई हेर्दा यिनीहरुको अवस्था हरेक पक्षमा दयनिय रहेको छ । यिनीहरु समाजमा सामाजिक, आर्थिक र राजनैतिक पक्षबाट बहिस्कृत भएका छन् । यिनहरुले समाजमा मानिस भएर मानिसको जीवन विताउन पाइरहेका छैनन् । हाम्रो समाजमा रहेको जातपात र छुवाछुत व्यवस्थाका कारण उत्पीडत, दमन, शोषण र अन्यायमा परेका दलित वा दलित महिलाहरुको अवस्था माथी उठ्न सकेको छैन । जनसंख्याको ठूलो हिस्सा ओगट्ने दलित वा दलित महिलाहरु सामाजिक, आर्थिक र राजनैतिक पक्षबाट बञ्चित रहेका छन् । दलित भएकै कारणबाट राज्यको स्रोत र साधनहरुमा पहुँच कम रहदै आएको र राज्यको नीति निर्णय तहमा समेत अत्यन्त न्यून सहभागिता रहेको छ । देशमा प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक जुनसुकै व्यवस्था भएपनि दलित महिलाहरु अझै सम्म सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा बहिस्करणको शिकार भईरहेका छन् ।

### ६.१ डाडाँगाउँ दलित महिलाहरुको सामाजिक बहिष्करण :

२००७ सालको जन-आन्दोलनपछि छुवाछुत र जातीय भेदभावको विरुद्ध आवाज उठ्दै आयो । राजनितीक नेता, कार्यकर्ता, साहित्यकार, विद्धान, शिक्षक, चिकित्सक, समाजसेविहरु, मानवअधिकारवादीहरु आदिले जातिभेद र छुवाछुतको विरुद्ध बोल्ने, लेख्ने, प्रचार गर्ने गर्दै आएका छन् । आजभन्दा साढे तीन दशक पहिले २०२० मा बनेको मुलुकी ऐनले जातिभेद र छुवाछुतलाई कानुनत: निषेध गरेको थियो । २०४६ साल पछि बनेको संविधानले जातीय भेदभाव र छुवाछुतलाई पूर्ण निषेध गरेको छ । त्यससम्बन्धि अपराध

गर्नेहरुलाई दण्ड-जरिवानाको पनि कानूनी व्यवस्था गरेको छ । तर पनि समाजमा हजारौँवर्षको जातिभेद र छुवाछुतको संस्कार रही रहेको छ ।

डाडाँगाउँ दलित महिलाहरुको सामाजिक बहिष्करणको कुरा गर्दा अधिकांश महिलाहरु जातिभेद र छुवाछुतबाट आक्रान्त छन् । अहिले पनि दलितहरु तथा दलित महिलाहरुमा पनि पस्न पाइरहेका छैनन् । मन्दिर, कुवा, धारा सार्वजनिक स्थान र यहाँसम्म की सरकारी विद्यालयहरुमा पनि उनीहरुलाई ढुक्कसित प्रवेश गर्न दिइँदैन र दिदाँ पनि अनेक भेदभाव गरिन्छ । उनीहरुले माथिल्लो जात कहाँ आगँनमै बसेर खानुपर्दछ, आफैँ भाँडा माझ्नुपर्दछ र भाँडाहरु सुकेपछि मात्र भित्र लगिन्छ । यस गाउँमा रहेका रुढीवादी परम्पराहरुले गर्दा सभा-समारोह, मेला, जात्रा, नाचगान, आदि सबै जसो ठाउँमा अहिले पनि दलित र दलित महिलाहरु खुल्ला र सामुहिक रुपमा सहभागी हुन पाउँदैनन् । उनीहरुले सार्वजनिक होटलमा समेत खान खाएपछि आफैँ भाँडा माझ्नुपर्छ, समग्रमा भन्दा सामाजिक क्षेत्रमा उनीहरु अहिले पनि पर्याप्त मात्रामा उपेक्षित र अपहेलित छन् । सामाजिक क्षेत्रका विभिन्न पाटाहरुमा दलित महिलाहरु बहिष्कृत हुनका कारणहरु निम्नप्रकार छन् ।

**जातिय विभेद र छुवाछुत** : कानूनको अगाडी सबैलाई समानताको हक भएको भएपनि कार्यान्वयनमा देखिएको उदासिनताले गर्दा व्यवहारमा समाज जातीय विभेद र छुवाछुतद्धारा आक्रान्त छन् जसले गर्दा समानता हक प्रत्याभूती गर्न सकिरहेका छैनन् ।

**धर्म र अन्धविश्वासमा विश्वास** : शिक्षा र चेतनाको अभावको कारण नेपाली समाज धर्म र अन्धविश्वासबाट प्रभावित छ । जाति व्यवस्थालाई धर्मको आधारमा विश्लेषण गरिने हुँनाले दलितहरु वा दलित महिलाहरु आफूपछि पर्नुमा भगवानको लिला, पूर्वजन्मको पाप, भाग्यको खेल भन्ने जस्ता कुरामा विश्वास गरी आफूलाई याथास्थितिमा नै चित्त बुझाएर बसेका पाइन्छ ।

**वर्णवादी सामाजिक व्यवस्था** : ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र गरी चार वर्णमा विभाजित समाजलाई शुद्रलाई अन्य ३ वर्गको सेवा गर्ने वर्गमा राखेर विश्लेषण गरिएको हुनाले अहिले सम्मको अवस्थामा पनि शुद्र अन्तर्गत पर्ने दलित महिलाहरु समाजमा दलित भएर रहेका छन् ।

**परम्परावादी समाज** : नेपाली समाज परम्परावादी भएकोले दलितहरु वा दलित महिलाहरुलाई अहिलेसम्म पनि तल्लो जातिको रुपमा हेर्छन् र यिनिहरुमाथि तल्लो दर्जाको व्यवहार गर्दछन् । दलित महिलाहरु उच्च ओहदामा पुगे भने मान मर्यादा गर्नुपर्छ भन्ने डरले समाजमा ठूलाबडाहरु वा उच्च जातिले दलित महिलाहरुलाई दवाएर राखेका छन् ।

**सामाजिक भेदभावपूर्ण व्यवहारबाट ग्रसित रहनु** : ब्राम्हणवाद र सामन्तवाद भएको ठाउँमा दलित महिलाहरु सामाजिक भेदभावबाट ग्रसित भएका छन् । यिनीहरुसँग पशुतुल्य व्यवहार गरिन्छ । छोएपछि पानीको छिटो हालेर शुद्ध हुने माथिल्लो जातको घरबाट कोही बाहिर जानेबेलामा दलित महिला देखेपछि अशुभ भन्ने जस्ता विभिन्न कुरितिले गर्दा यहाँका दलित महिलाहरु सामाजिक भेदभावपूर्ण व्यवहारबाट ग्रसित छन् ।

समाजिक क्षेत्रमा दलित महिलाहरुमाथी गरिने बहिष्करणका प्रभावहरु निम्न छन् :

- कामकाजमा दलित महिलाहरुलाई भेदभाव गरिन्छ । घरधन्दा बाहिरको र तल्लो स्तरको कार्यहरु मात्र गर्न लगाइन्छ ।
- धार्मिक, सांस्कृतिक र अन्य सभासमारोहमा दलित महिलाहरुको उपस्थितिलाई नकारात्मक रुपमा हेरिन्छ ।
- शिक्षाको क्षेत्रमा असमानता र भेदभावपूर्ण वातावरणले दलित महिलालाई शिक्षाको क्षेत्रमा पहुँच छैन ।
- जातिय विभेदले गर्दा अन्य जातजातीका मानिसहरुले दलित महिलाहरुलाई हेयको दृष्टिकोणबाट हेर्ने गर्दछन् जसले उनीहरुको समाजिक सदाचार र समपर्णमा कमी आएको पाइन्छ ।

- o सार्वजनिक, धारा, इनार, पँधेरामा पनि छुवाछुत र भेदभावपूर्ण व्यवहार कायम भएकोले उनीहरुको मौलिक अधिकार हनन भएको पाइन्छ ।
- o सामुदायिक अस्पतालमा स्वास्थ्य सहायक र स्वयम्सेविकाहरुले पनि भेदभावपूर्ण व्यवहार गर्दछन् । जसले दलित महिलाहरुको स्वास्थ्य उपचार र औषधोउपचारमा समस्या परेको देखिन्छ ।
- o दलित महिलाले व्यापार व्यवसाय संचालन गरेपनि व्यवसायसँग उच्च जातका मानिसहरुको सम्बन्ध नभएको हुनाले व्यवसाय संचालन गरेको पाइदैन् ।
- o प्राय : सबैजसो निजी घरहरुभित्र दलित महिलाहरुलाई प्रवेश गर्न दिइदैन,। घरभित्र प्रवेश गर्न दलित महिलाहरुलाई बैठकमै सिमित गरेको पाइन्छ ।

**६.२ डाडाँगाउँका दलित महिलाहरुको आर्थिक बहिष्करण :**

इतिहासदेखि नै दलित महिलाहरुलाई दासता र श्रममा रगट्नका लागी धनसम्पत्तिबाट बञ्चित गर्ने चलन चलेको थियो । (प्रश्रित, २०६३) त्यसमा आधारभूत रुपमा परिवर्तन भएको छैन । दलित महिलाहरु जहाँ रहेपनि अधिकांश रुपमा भूमिहिन सुकुम्बासीको रुपमा या ज्यादै थोरै जमिन भएका गरीब किसानको रुपमा रहेका छन् । आफ्नै जग्गाको खेती गरेर वर्ष भरी गुजरा गर्ने दलित किसानहरुको संख्या नगन्यरुपमा रहेको छ ।

डाडाँगाउँ दलित महिलाहरुको आर्थिक अवस्थाको कुरा गर्दा अधिकांश महिलाहरुको सम्पत्तिमा पहुँच छैन् । शिक्षा हासिल गर्नपनि राम्रो अवसर नपाएका र कथित उच्च जातिद्वारा हेपिएर पछाडी पारिएका दलित महिलाहरुले सरकारी वा गैर सरकारी क्षेत्रमा पनि प्रवेश पाएका छैनन् । प्रहरी, सनैनिक क्षेत्रमा अथवा सरकारी र निजामती क्षेत्रमा प्रायः जसो भर्ति गर्न रुचाईदैन । ठूलो ठूलो उद्योग र व्यापार गर्ने स्थितिमा पनि पुगेका छैनन् ।

परम्परागत सिलाई, आरन,  जुत्ताको काम, माटोको काम, सफाइको काम आदिले जेनतेन उनीहरुले गुजरा गर्दै आएका छन् । तर आजभोली विदेशी समानहरु देशभित्र ओइरिनाले स्थानीय पुराना सीप र प्रविधिको बजार नहुनाले त्यहाँका दलित महिलाहरुको बेरोजगारी

संख्या बढ्दै गैरहेको छ । यहाँ सम्भवत : सबैभन्दा गरिब र सर्वहारा वर्गमा दलित र दलित महिलाहरुनै पर्ने गर्दछन् । आर्थिक क्षेत्रमा दलित महिलाहरु माथी गरिने बहिष्करणका कारण निम्न छन् ।

**उत्पादनका साधनमा पहुँच नहुनु** : उत्पादनका साधनहरु जमिन कृषि उत्पादन व्यवसाय, व्यापार आदिमा दलित महिलाहरुको पहुँच एकदमै कम छ । यसरी पहुँच नभएका कारण दलित महिलाहरु आर्थिक क्रियाकलाप गर्नबाट बन्चित छन् ।

**उत्पादनको साधनमा परम्परागत दृष्टिकोण रहनु** : दलित महिलाहरु आर्थिक क्षेत्रबाट बञ्चित हुनुको कारणमा उत्पादनका साधानमा परम्परागत दृष्टिकोण कायम रहिरहनु पनि एक हो ।

**धितो राख्ने सम्पत्ति नहुनु** : आफूसँग धितो राख्ने पुँजी नभएका कारण उद्योग व्यवसाय संचालन गर्न दिइने सहुलियत ऋण नपाउनुले पनि यिनीहरुको आर्थिक अवस्था नाजुक बन्द गइरहेको छ ।

**स्थानिय सामानहरुको प्रयोग घट्दै जानु** : परम्परागत रुपमा आएको पेशामा पनि आजभोलिको विकाशले गर्दा अथावा यातायातको सुविधाले गर्दा बाहिरिया सामानको आगमनले स्थानीय समानहरु विस्थापित हुँदै गएका छन् । जसले गर्दा पुरानो सीप लगाएर तयार पारिएको समानले बजार नपाउँदा यिनीहरुको जीवन स्तर निकै कठिन बन्दै गइरहेको छ ।

**ज्यालमा असमानता** : ज्यालामजदुरी र अन्य काम गर्न जादा अन्य जातका महिलाहरु सरह नगद ज्याला नपाउनुले दलित महिलाहरुलाई भेदभाव गरेको बुझिन्छ ।

**पैत्रिक सम्पत्ति छोरिको नाममा नहुनु** : वर्षौदेखी भोग चलन गर्दै आएको एक टुक्रा पनि आफ्नो र आफ्नो पयिरवारको नाममा नहुनुले उद्योग व्यवसाय संचालन गर्नको लागि धितो राख्ने पुँजी नभएका कारण पनि यिनीहरुको आर्थिक अवस्था नाजुक बन्दै गइरहेको छ ।

**महिला सहभागितामा कमी** : दलित पुरुषहरुले विधिवत पेशा अपनाएर केही आर्थिक उपार्जन गरेपनि यसतर्फ दलित महिलाहरुको सहभागिता शुन्य नै रहेको देखिन्छ र आर्थिक रुपमा पुरुषहरुमाथी नै महिलाहरु आश्रित हुँदै गइरहेका छन् ।

**आर्थिक क्षेत्रमा दलित महिलाहरु माथी गरिने बहिष्करणका प्रभावहरु निम्न प्रकारका छन् :**

- दलित समुदायका कुनै पनि महिलाहरुले सार्वजनिक सेवामा प्रवेश पाएका छैनन् । यिनीहरुले चाहँदा चाहदै पनि कुनै पनि स्थानमा नोकरी गर्ने मौका दिइदैन् । गाउँ घरमै कृषि, मजदुरी गरेर, ज्यामी काम गरेर, दाउरा बेचेर, यिनहरुले आफ्नो दैनिक गुजारा गरेका छन् ।
- सानोतिनो पूजीबाट संचालन गर्न सकिने होटल व्यवसाय गर्नबाट बञ्चित छन् । किनकि यहाँ दलितका आफ्नै जातका मानिसहरु बाहेक अन्यको उपस्थिति हुँदैन ।
- आफ्नो जमिन नभए पनि जमिनदारहरुले जग्गा कमाउन नदिनुले यिनीहरुको खाद्यान्न परिपुर्तिमा समस्या देखिएको छ ।
- अन्य जातिमा जस्तै दलितजातिमा पनि समान कामको लागी पुरुष, महिला बीच आधा रकमको फरक भएको पाइन्छ ।
- गाई, भैसी पालेमा त्यसबाट दुध, दही, घ्यू र अन्य दुधजन्य पदार्थहरु स्थानीय तहमा विक्री नहुने हुनाले दलित महिलाहरुले व्यवसायिक दृष्टिबाट पशुपालन गरेको पाइदैन् ।
- ज्यालामजदुरी अथवा अन्य काम पनि तराईतिरबाट आएका मधेशी मूलका ज्यामीहरु, चौधरीहरु र कपडा सिलाउने काममा पनि मुसलमानहरु आएर स्थानीय मजदुरहरुलाई विस्थापित गर्दा सबैभन्दा पिडित दलित महिलाहरु भएका छन् ज्यामी काममा टाढा जाँदा घरमा बच्चाहरुलाई हेर्ने, घरधन्दाले गर्दा जान पाइदैन भने गाउँमा काम पाउन समस्या पर्न थालेको छ ।

## ६.३ दलित महिलाहरुको राजनीतिक बहिष्करण :

नेपाल अधिराज्यको संविधान २०४७ ले सम्पूर्ण नागरिकलाई समान हक प्रदान गरेको छ । संविधानमा समान हकको प्रत्याभूति गरिए तापनि व्यवहारमा त्यस्तो विरोधाभाषपूर्ण कानुनी प्रावधान अझै पनि यथावत नै छन् । अर्को शब्दमा भन्दा कानून एंव देन दलित महिलाको विरुद्धमा छ भन्दा फरक पर्दैन् । राजनैतीक क्षेत्रमा दलित महिलाको विरुद्धमा ६ भन्दा फरक पर्दैन् । राजनैतिक क्षेत्रमा दलित महिलाहरु धेरै पछाडी परेका छन् । अन्य जातका महिलाहरुको तुलनामा वास्तवमै दलित मलिाहरुलाई राजनैतिक सहभागिता खासै गराउन सकिएको छैन् । जनआन्दोलन २०६२/०६३ पश्चात अथवा माओवादी राज्यको मूल धारमा आए पश्चात् गरिएको संविधान सभाको दलित जनजाती र महिलाहरुलाई निर्वाचनमा भाग लिने मौका दिएको थियो । दुर्भाग्यवश यो ठाउँबाट एउटा पनि दलित र दलित महिलाहरुले त्यस्तो मौका पाएका छैनन् । राजनीतिक व्यवस्था चाहे त्यो एक तन्त्रीय निरकुंश होस वा प्रजातान्त्रिक वा लोकतान्त्रिक र गणतान्त्रिक यहाँका दलित महिलाहरुको प्रतिनिधित्व शुन्य वराबर छ ।

देशमा प्रजातान्त्रिक लोकतान्त्रिक, गणतान्त्रिक जे सुकै व्यवस्था भएपनि दलित महिलाहरु अझैसम्म राजनैतिक क्षेत्रमा विद्यमान बहिष्करणको शिकार भैरहेका छन् । विभिन्न राजनैतिक पार्टीहरुले दलित र दलित महिलाहरुको उत्थान र विकासको लागी चुनावी नारा दिए तापनि व्यवहारमा त्यो नारा कार्यान्वयन भएको छैन् ।

**राजनैतिक क्षेत्रमा दलित महिलाहरु माथी हुने वहिष्करणका कारणहरु निम्न छन् ,**

- दलित महिलाहरुमा राजनीतिक प्रतिस्पर्धात्मक क्षमताको अभाव ।
- आर्थिक र सामाजिक अवस्थाले पिछडिएको हुनाले राजनीतिक चेतवानी कमी हुनु ।
- ऐन, कानुन, नीति, नियम आदि बारेमा जानकारी नहुँनु ।
- दलित महिलाहरुलाई प्रमुख जिम्मेवारी दिन हिचकिचाउनु ।
- चुनावी मैदानमा दलित महिलाहरुलाई साधनको रुपमा प्रयोग गर्ने ।
- दलित महिलाहरुमा नेतृत्व क्षमताको अभाव हुनु ।

- राजनीतिक क्षेत्रमा दलित महिलाहरुको राजनीतिक चेतना र जागरुकताको कमी हुनु ।
- दलित महिलाहरुलाई राजनीतिक क्षेत्रमा प्राथमिकताको अवसर नदिनु ।

**राजनैतीक क्षेत्रमा दलित महिलाहरु माथी हुने वहिष्करणका प्रभावहरु निम्न छन् :**

- दलित महिलाहरुमा शिक्षाको अभाव र राजनीतिक चेतनाको कमीले राजनीतिक पदका लागी प्रतिसप्रर्धा गर्न सक्दैनन् ।
- सामाजिक र आर्थिक विकाश हुन नसक्नुले दलित वा दलित महिलाहरुमा राजनीतिक पहुँच कायम भइरहेको पाइदैन् ।
- विभिन्न किसिमका कार्यक्रमहरुमा जे जस्तो प्रतिबद्धता दर्शायता पनि व्यवहारिक रुपमा दलित महिलामाथी भेदभाव कायमै राख्नु ।
- दलित महिलाहरुमा विभिन्न किसिमका अवसरहरु प्राप्त हुँदा प्राथमिकता नदिनु, दलित महिलाहरुलाई देखावटी रुपमा मात्र प्रतिनिधित्व गराइनु ।
- दलित महिलाहरुमा पार्टिगत रुपमा नेतृत्वको अवसर प्रदान गरिदैन्
- चुनावी अवसरमा दलित वा दलित महिलाहरुलाई साधनको रुपमा मात्र प्रयोग गरिन्छ ।
- गा.वि.स. र अन्य संघ संस्थाका बजेटवाला कार्यक्रमहरुमा उपस्थित गराइन्छ तर उनीहरुको कुरा सुन्ने र सुनाउने मौका नदिइनु ।
- दलित महिलाहरुलाई नीति निर्माण कार्यान्वयन गर्ने स्थानीय निकायमा उचित प्रतिनिधित्व प्रदान गरिदैन् ।
- राजनीतिक सहभागिता कायम गराउनका लागी समानुपातिक ढंगबाट समावेश गराउने नीति भएपनि दलित महिलाहरुको राजनीतिमा पहुँच हुन सकेको छैन ।

# अध्याय ७

# सारांश, निष्कर्ष र सुझावहरु

## ७.१ सारांश

समाजको सर्वाङ्गिन विकाशका निम्ति समाजको आधा जनसंख्या ओगटेका महिला वर्गको समानुपातिक विकास र विकास अभियानहरुमा उनीहरुको सक्रिय सहभागिता वा आवश्यकता हुन्छ । महिलाहरु जबसम्म पुरुष सरह समाजको विकाश अभियानमा संलग्न हुन पाउँदैनन् तबसम्म समाजको आर्थिक, सामाजिक र राजनैतिक स्थितिमा सुधार आउन सक्दैन तर नेपालका महिला वर्गहरुको विषयमा विस्तृत अध्ययन अनुसन्धानहरु कमै मात्र भएका छन् । नेपालका महिला सम्बन्धि प्रकाशित पुस्तक उल्लेख गरी व्याख्या र विश्लेषण गर्ने गरेको थोरै मात्रामा रहेका छन् ।

विशेषगरी अधिराज्यभरी छरिएर रहेको दलित जाति शिक्षा, जनचेतना, आर्थिक, सामाजिक तथा राजनैतिक विषयमा अत्यन्तै पिछडीएको छ । समग्र दलित जातिकै खोज अध्ययन भै नसकेको अवस्थामा दलित जातिका महिलाहरुको अध्ययन अनुसन्धान नहुनु पनि स्वभाविकै होला । यस अध्ययनमा डाडाँगाउँ गा.वि.स.का दलित महिलाहरुको सामाजिक, आर्थिक, राजनैतिक अवस्था र बहिष्करणको कारण र प्रभावको बारेमा अध्ययन गर्ने उद्देश्य लिएर यो अध्ययन गरिएको हो । प्रस्तुत अध्ययनमा डाडाँगाउँ गा.वि.स.का वडा नं. ७ र ९ मा बसोबास गर्ने दलित जातिका महिलाहरुको नामावली गा.वि.स.बाट प्राप्त गरी हरेक वडाबाट समानुपातिक प्रतिनिधित्व रहने गरी दैवि नमुना छनौट विधिद्वारा नमुना छनौट गरी तिनिहरुसँग प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा विवरणात्मक वा अन्वेषणात्मक दुबै खाले अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो । किनभने यसमा समाविष्ट तथ्याङ्कहरुमध्ये कतिपय विवरणात्मक प्रवृत्तिका छन् भने कतिपय अन्वेषणात्मक प्रवृत्तिका छन् । यस अध्ययनमा निर्धारित उद्देश्यको

परिपुर्ति गर्नको लागि प्राथमिक र द्वितिय गरी दुबै श्रोतको प्रयोग गरिएको छ । यस अध्ययनलाई विभिन्न ५ भागमा राखेर विश्लेषण गरिएको जसमध्ये अध्याय ४ मा सल्यान जिल्लाको संक्षिप्त भौगोलिक वनावट र डाडाँगाउँ गा.वि.स.को परिचय दिदैं जनसंख्या, शिक्षा, जनजाती स्वास्थ्य संस्था, कृषि र बनहरुको बारेमा चर्चा गरिएको छ । हाम्रो समाजमा पुरुष भन्दा बढी महिलाले नै घरेलु कामकाज गर्नुपर्ने भएकोले दलित जातिमा पनि पुरुषको भन्दा दलित महिलाले बढी समस्या भोग्नु परेको देखिन्छ । साथै पानी पधेरो कुवा, मेलापात, मन्दिर, पसल आदि सार्वजनिक ठाउँमा दलित महिलाहरुलाई भेदभाव गरिन्छ । अर्को कुरा महिला हक, अधिकारका लागि गठन भएका महिला समुहहरुमा पनि दलित जातिका महिलाहरुको सहभागिता शुन्य भएको पाइन्छ । अध्याय ५ र ६ मा गरिएका वर्णनात्मक विश्लेषणको आधारमा दलित महिलाहरुको सामाजिक आर्थिक र राजनैतिक अवस्था र यिनै पक्षमा भएका बहिष्करणीय अवस्थालाई उल्लेख गरिएको छ ।

- विभिन्न जातिका महिलाहरुमध्ये पानी नचल्ने छोइछिटो हाल्नु पर्ने एक अछुत भनि चिनिने दलित जातिका महिलाहरु जसले समाजको उच्च जातिहरुको आसपासमा बसोबास गर्दै उनीहरुकै भाषा र संस्कृतिको अनुसरण गर्दै आएको पाइन्छ ।
- दलित जातिमा पनि पितृ सत्तात्मक परिवार पाइन्छ । बाबु, श्रीमान् र छोरा नै घरको सर्वेसर्वा अथवा प्रमुख हुन्छन् ।
- प्राय : जसो दलित महिलाले हिन्दु धर्म अनुसरण गर्ने भएतापनि हिन्दु धर्ममा जातजाति, छुवाछुत, भेदभाव बढी हुने भएकाले आजभोलि धर्म परिवर्तन गर्ने प्रथा तीब्र रुपमा चलेको पाइन्छ भने स्थलगत सर्वेक्षण अन्तर्गतका केही परिवारहरु बौद्ध धर्मतिर लागेको पाइन्छ जसको संख्या ६ प्रतिशत छ भने १८ प्रतिशत दलित परिवारहरु क्रिश्चियन धर्ममा विश्वास गर्दछन् ।
- दलित महिलाहरु राम्रो शिक्षा, राम्रो संगत, चेतना, स्वास्थ्य सुविधा आदिबाट बञ्चित रहेका छन् । जसका कारणले यिनीहरुमा स्वास्थ्य सम्बन्धी सामान्य जानकारी पनि नभइ समस्याग्रस्त भएको पाइन्छ ।

- दलित महिलाहरुको आफ्नो परम्परागत पेशा विस्तारै विस्तारै हराउँदै र कतिपय अवस्थामा छोडिदै गरेको पाइन्छ । यसको मुख्य कारण यातायातको सुविधाको कारण विदेशी सस्तो सामानहरुको आयत बढ्दो रहेको छ । यसरी आयत गरिएका सामानहरुसँग स्थानीय स्तरमा तयार पारिएका समानले प्रतिस्पर्धा गर्न नसक्दा पेशा धरासायी बन्दै गाएको छ ।
- यहाँ उच्च जातिमा जस्तै दलित जातिमा पनि समान कामका लागी पुरुष र महिलाबीच आधा रकमको फरक भएको देखिन्छ ।
- जातिको आधारमा गरिने भेदभाव र छुवाछुतको कारणले गर्दा हालसम्म कुनै पनि महिलाहरुले अन्तर्जातिय विवाह गरेको पाइँदैन् ।
- दलित महिलाहरु आर्थिक दृष्टिकोणले निकै पछाडी परेको पाइन्छ । विगतका दिनहरुमा भन्दा आजभोली बालीघरे प्रथा अथवा विष्ट प्रथा विस्तारै हट्दै गइरहेको पाइन्छ । जसले गर्दा यीनिहरुको आय आर्जनको श्रोतको कुनै निश्चितता नै नभएको पाइन्छ ।
- विगतका दिनहरुमा दलित महिलाहरुको ठूलो हिस्साले कृषि पेशामा संलग्न भई आफ्नो जिविकोपार्जन गर्दथे तर आजभोलि बढ्दो शहरीकरण, माओवादी त्रास र भूमीसम्बन्धी नियमले जग्गा हुनेहरुले यिनीहरुलाई जग्गा कमाउन दिन छाडेको पाइन्छ । जसले गर्दा जग्गाधनीको कतिपय जग्गा बाँझै हुन्छ भने दलित महिलाहरुले श्रम गर्नको लागी जग्गा पाउँदैनन् ।
- दलित जातिमा मानिने विभिन्न चाड पर्व र संस्कारहरु हिन्दु धर्म अनुसार गर्ने देखिए तापनि यिनीहरुले चाडपर्व र आफ्ना संस्कारहरुमा अत्यधिक जाँड रक्सीको प्रयोग गरेका पाइन्छ भने केही धर्म परिवर्तन गरेकाहरुले आफ्नो धर्म अनुसारका संस्कारहरुलाई स्वीकार्दै आएको पाइन्छ ।
- दलित महिलाहरुसँग समयको परिवर्तन सँगसँगै आय आर्जन गर्नको लागि सीप र दक्षतामुलक ज्ञान भएको पाइदैन ।

- दलित महिलाहरुको आम्दानीको श्रोतहरुलाई उल्लेख गर्न सकिए पनि कुन कुन शीर्षकमा के कति खर्च गरिन्छ भनेर भन्न सकिदैन भने दलित जातिमा जति कमाएर पनि बचत गरौँ भन्ने भावना अलि कम भएको पाइन्छ र बालबालिकाको गुणस्तरीय शिक्षामा खर्च गरेको पनि पाइदैन ।
- अशिक्षा र ज्ञानको कमीको कारणले विभिन्न राजनीतिक दलका नेताहरुले दलित महिलाहरुलाई चुनाव जित्ने एउटा साधन बनाएको पाइन्छ ।
- यहाँका दलित महिलाहरुले आजका मितिसम्म कुनै पनि राजनैतिक दलहरुको कुनै स्थानमा आफ्नो सक्रिय भूमिका निभाउन पाएका छैनन् । कुनै पनि राजनैतिक मुद्दामा आफ्नो मत, विचार जाहेर गर्ने अधिकार दिइँदैन र त्यसको सुनुवाई पनि हुँदैन् ।

**७.२ निष्कर्ष :**

नेपालको कुल जनसंख्याको अधा हिस्सा ओगटेका महिला वर्गको सामाजिक, आर्थिक स्थिति कमजोर देखिन्छ । यसमा पनि दलित महिलाहरुको सामाजिक, आर्थिक राजनैतिक अवस्था निकै कमजोर देखिन्छ । किनकी नेपाली समाजमा परम्परादेखिनै जरो गाडेको धार्मिक, सांस्कृतिक र छुवाछुत परम्पराले दलित महिलाहरु स्रोत, साधन र निर्णय प्रक्रियाबाट बञ्चित भएको देखिन्छ । समाजमा दलित महिलाहरु पुरुष सरह समान अधिकार र जिम्मेवारी प्राप्त गर्न नसकी पुरुषको वर्चस्वमा रहनु परेको छ । यद्यपी संवैधानिक, कानुनी व्यवस्थाहरु दलित महिलाका पक्षमा छन् तर कमजोर कार्यान्वयन र फितलो अनुगमनले दलित महिलाहरुको अवस्थामा अपेक्षित सुधार हुन सकेको छैन । दलित महिलाहरुको जातीय विभेद र छुवाछुत वर्णवादी सामाजिक व्यवस्था, परम्परावादी समाज, धार्मिक अन्धविश्वास जस्ता कारणले सामाजिक, आर्थिक र राजनैतिक पक्षमा सहभागिता कायम हुन सकेको छैन ।

प्रस्तुत शोधपत्र सल्यान जिल्ला डाडाँगाउँ गा.वि.स.का दलित महिलाहरुको समाजिक, आर्थिक राजनैतिक स्थितिबारे अध्ययन गरी प्रकाश पार्ने शिलसिलामा तयार पारिएको हो । यस अनुसन्धानमा हिन्दु धर्म मान्ने, संयुक्त परिवारमा बस्ने विवाहित र प्राथमिक तह सम्म अध्ययन गर्ने उत्तरदाताहरुको बाहुल्यता रहेको थियो । यस अनुसन्धानमा कृषि र पशुपालनमा लाग्ने उत्तरदाता महिलाहरुको संख्या उल्लेख्य रहेको पाइन्छ । किनभने यस्तो कामको लागि उनीहरु बाहिर जान नपर्ने आफ्नै गाउँघरमा सिमित रहने भएकोले उनीहरु कृषि र पशुपालनमा संलग्न भएको देखिन्छ । दलित महिलाहरुको आफ्नो उत्पादनशील जमिन एकदमै कम भएकोले उनीहरुले अरुको जग्गा जमिन कमाएको देखिन्छ । आफ्नो जग्गा र अरुको कमाएको जग्गाको आम्दानीले उनीहरुलाई वर्षभरी खान पुगेको देखिदैन र उनीहरु सबैले खाद्यान्नको परिपुर्ति बजारबाटै गरेको देखिन्छ ।

अनुसन्धान क्षेत्र ग्रामिण क्षेत्र भएकोले यहाँ जातिय भेदभाव, छुवाछुत बाट दलित महिलाहरु आक्रान्त भएको पाइन्छ । देशमा प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक जुनसुकै व्यवस्था भएपनि दलित महिलाहरु अझैसम्म सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा बहिष्करणको सिकार भइरहेका छन् । यिनै महिलाहरुको सामाजिक आर्थिक र राजनैतिक स्थितिबारे अध्ययन गरी उनीहरुको उन्नतीका लागि सहयोग पुऱ्याउनु यस अनुसन्धानको उद्देश्य हो ।

विभिन्न जातका महिलाहरुमध्ये दलित जातका महिलाहरुले छुवाछुत, भेदभाव जस्ता कुरितीहरुको सामना गर्दै आइरहेका छन् । वि.सं. २०२० सालमा मुलुकी ऐनले छुवाछुतको भावनाको अन्त्य गरेतापनि हालसम्म पनि यो प्रथा विद्यमान भएको हुँदा जाति जाती विचको भेदभावको भावनालाई अन्त्य गरी दलित महिलाहरुलाई बढी भन्दा बढी उच्च शिक्षामा सरिक गराई रोजगारीका अवसर उपलब्ध गराउनु आजको आवश्यकता हो

।

# सन्दर्भ ग्रन्थ सूची (Bibliography)

**नेपालीमा**

एक्सन एड नेपाल, (२००४), नेपालमा विद्यमान जातीय छुवाछुत र यसको निराकरण गर्ने रणनीतिक अभियान काठमाडौं ।

किसान यम ब., (२००८), नेपाली राज्य शासनमा दलितहरुको समावेशीकरण सम्बन्धी एक अध्ययन, काठमाडौँ ।

केन्द्रिय तथ्याङ्क विभाग, (२०५८), राष्ट्रिय जनगणना, २०५८ : केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौँ ।

के.सी. सुरेन्द्र, (२०६३), नेपाली समाजमा दलित, अफिस सर्पोट सर्भिस सेन्टर, काठमाडौँ ।

कोइराला, विद्यानाथ, खड्का राजन, बराल, राजकुमार, (२०६५), राज्यको पुनः संरचनामा दलित सहभागिता, काठमाडौँ ।

खत्री, शान्त कुमारी, (२०५८), कामी जातिका महिलाको सामाजिक र आर्थिक अवस्थाको अध्ययन, त्रि.वि. कीर्तिपुर ।

खत्री, बालकृष्ण, (२०५५), लामाटारका  सार्कीहरुको समाजिक र आर्थिक अवस्थाको एक अध्ययन, त्रि.वि. कीर्तिपुर ।

गुरुङ्ग डा. हर्क, (२०६५), बहिष्करणदेखि समावेशीकरणसम्म, काठमाण्डौः सामाजिक समावेशीकरण अनुसन्धान कोष, ।

प्रश्रित मोदनाथ, (२०६३), राज्यको पुनः संरचनामा दलित सहभागिता : छापाखाना प्रा.लि. टेकु, काठमाडौँ ।

बिष्ट, डोर बहादुर, (२०५५), सबैजातको फूलवारी सातौ संस्करण, ललितपुरः साझा प्रकाशन ।

वि.क., मानबहादुर, विश्वकर्मा, चक्रमान, (२०६५), संघियतामा दलित, काठमाडौं : दलित सेवा संघ ।

वि.क., मानबहादुर, (२०६५), संघीय शासन प्रणालीमा दलितको स्थान, दलित सेवा संघ केन्द्रिय कार्यालय ।

नयाँ संरचना, (२०६६), राष्ट्रिय दलित सेवा संघ, काठमाडौं ।

भासिन कमला, पितृसत्ता के हो ? काठमाण्डौ : स्त्री शक्ती

भट्टचन, कृष्ण बहादुर, (२०५८), दलित तथा जनजाति, एकता वुक्स प्रकाशन ।

राष्ट्रिय मानवअधिकार आयोग, (२०६०), नेपालमा मानवअधिकारको स्थिति एक प्रतिवेदन ।

राष्ट्रिय दलित आयोग, (२०६६), नयाँ संरचना, काठमाण्डौ : पुल्चोक ललितपुर ।

सापकोटा, केशवराज, (२०६६), लैङ्गिक अध्ययन, एकेडेमी बुक्स सेन्टर, कीर्तिपुर, काठमाडौं ।

**अंग्रेजीमा**

Acharya Meena, (1997), Gender Equlity and employment of Women, Kathmandu, (CEDA).

Bennett Lynn, (1984), Status of Women in Nepal, back ground report .

Bennett Lynn, (1981), Tradition and Change in the Legal Status of Women in Nepal, CEDA, T.U. Kirtipur.

Bhasin Kamala, (2002), Understanding Gender, New Delhi.

Blaikie, Pipers, David, Cameron, John and Seddon, (1980), Nepal in crisis growth and stagnation at the peri phery, Delhi.

Caplan, A.P., Priests and Cobblers, (1972), A study of social change in a Hindu village in western Nepal, London: Inter text Book.

Ember, C. and M. Ember, (1993), Anthropology, Prentice-Hall, New Dellhi.

Haralumbus, M, (1996), Sociology: Theme and prespective oxford University press New Dehli.

Oakley, A, (1972), Sex, Gender and society. London. Maurice Temple smith.

Pokharel, B, (2001), Gender Roles and Activities among the Rural Poor Households Case studies from Hill villages. In occasional papers in sociology and Anthropology vol. VII Pp. 65-82. Central Department of Sociology and Anthroppology, T.U. Kirtipur, Nepal.

Seddon, D, (1995), Nepal a stage of poverty Vikas publishing House Pvt. Ltd. New Delhi.

Sharma, Prayag Raj, (1977), Caste Social Mobility and Sanskritization " A study of Nepal's old legal code: Kailash Magazine.

# परिशिष्ट -१

**प्रश्नावली**

**क. व्यक्तिगत जानकारी**

उत्तरदाताको नाम मिति

घरसंख्या

धर्म शिक्षा उमेर लिङ्ग

**२. वैवाहिक स्थिति**

क) विवाहित ख) अविवाहित ग) विधवा घ) सम्बन्ध विच्छेद

**३. परिवारको प्रकार**

क) संयुक्त ख) एकात्मक ग) बृहत

**४. परिवारको घरमुली**

क) श्रीमान् ख) तपाई ग) अन्य

**५. पारिवारीक संरचना**

| क.स. | नाम | घरमुलि सँगको नाता | लिङ्ग पुरुष महिला | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेशा | आयश्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**ख. आर्थिक पक्षः**

१. तपाईको आफ्नै जग्गा छ ?

क) छ  ख) छैन

२. जग्गा जमिनको स्वामित्व कति छ ?

| | खेत | बारी |
|---|---|---|
| ०-१ रोपनी | | |
| २-३ रोपनी | | |
| ४-५ रोपनी | | |
| ५रोपनी भन्दा माथि | | |

३. तपाईको परम्परागत पेशामा केहि परिवर्तन आएको छ ?

क) छ  ख) छैन

४. उत्पादित अन्नले खानलाई पुग्छ ?

क) पुग्छ  ख) पुग्दैन

५. उत्पादित अन्नले कति महिनालाई खान पुग्छ ?

क) ० देखि ३ महिना भन्दा कम  ख) ४ देखि ६ महिना

ग) ७ देखि ९ महिना  घ) १० देखि १२ महिना

ङ) १२ महिनाभन्दा बढि

६. यदि उत्पादित अन्नले खान पुग्दैन भने कसरी परिपूर्ति गर्नुहुन्छ ?

..............................................................................

..............................................................................

७. यदि तपाईले बचत गर्नुभएको छ भने बचेको के मा प्रयोग गर्नुहुन्छ ? त्यसमा तपाइको पहुँच छ वा छैन ?

..........................................................................................

..........................................................................................

८. अरुको जग्गा कमाउनु भएको छ भने कती कमाउनु भएको छ ?

........................................................................................

९) प्रविधिको विकासले तपाईको सिप र पेशामा प्रभाव पारेको छ कि छैन ?

क) छ    ख) छैन

१०. तपाईले ऋण लिनु भएको छ भने कहाँबाट लिनु भएको छ ।

..............................................................................

**ग) सामाजिक पक्षः**

१. तपाईको शैक्षिक योग्यता कति छ ?

क) निरक्षर    ख) साक्षर

ग) प्राथमिक    घ) एस.एल.सी

२. तपाईले आफ्ना छोराछोरीलाई स्कुलमा पढ्न पठाउनु भएको छ कि छैन ?

क) छ    ख) छैन्

३. तपाईको परिवारका लागि खानेपानीको मुख्य श्रोत कुन हो ?

क) इनार    ख) धारा

ग) कुवा    घ) खोला

४. इनार, धारा आदि सजिलै प्रयोग गर्न पाउनुहुन्छ  कि हुदैँन ? हुदैन भने किन ?

..........................................................................................

..........................................................................................

५. तपाइले सामाजिक भोजभतेरमा सहभागि हुने गर्नुभएको छ छैन भने किन गर्नुभएको छैन ?

.......................................................................................

६. तपाईको जातिमा अर्न्तजातिय वैवाहिक सम्बन्ध स्वीकार्य छ ?

क) छ ख) छैन

७. तपाईको समाजमा छुवाछुतको अवस्था कस्तो रहेको छ ?

.................................................................................

८. तपाईको आफ्नो प्रयोगको लागि चर्पी बनाउनु भएको छ ?

क) छ ख) छैन

९. विद्यालयमा भेदभाव छ ?

क) छ ख) छैन

१०. तपाई विरामी हुँदा स्वास्थ्य उपचारका लागि कहाँ जानुहुन्छ ?

......................................................................

## घ) राजनैतिक पक्षः

१. तपाईसँग नागरिकता छ कि छैन ? छ भने के को लागि लिनुभएको ? छैन भने किन छैन ?

..........................................................................................

..........................................................................................

२. गा.वि.स.मा के-के काम हुन्छ, तपाईलाई थाहा छ ?

क) थाहा छ  ख) थाहा छैन

३. तपाईलाई आफ्नो ठाउँको नेताको नाम थाहा छ ?

क) थाहा छ  ख) थाहा छैन

४. पार्टीगत परिवर्तन हुँदा तपाईहरुमा प्रभाव परेको छ छैन ?

क) छ  ख) छैन

५. तपाईले रोजेको नेताले गाउँमा के कस्ता विकास गरेका छन ?

..........................................................................................

६. तपाईलाई चुनावको बारेमा थाहा छ कि छैन ? छैन भने किन ?

..........................................................................................

७. चुनावमा आफूलाई मन परेको व्यक्ति वा पार्टी कसलाई रोज्नुहुन्छ ?

क) व्यक्ति  ख) पार्टी

ग) दुबै

८. तपाईको विचारमा राजनितीमा महिला सहभागिता हुनु पर्छ कि पर्दैन ?

क) पर्छ  ख) पर्दैन

९. मतदाता नामावलीमा तपाइको र परिवारका सदस्यहरुको नाम छ ? छ भने कसरी भयो यसको बारेमा तपाइलाई केही जानकारी छ ? छैन भने किन ?

..........................................................................................

..........................................................................................

१०. तपाई कसैको दवाबमा भोट दिनुहुन्छ कि आफ्नो इच्छाले ?

..........................................................................................

**घ) धार्मिक पक्ष**

१. तपाई कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दु ख) बौद्ध

ग) क्रिश्चियन घ) अन्ये

२. तपाई मन्दिर जानुहुन्छ ?

क) जान्छु ख) जान्न

३. हिन्दु धर्ममा जातीय भेदभाव छ कि छैन ?

क) छ ख) छैन

४. तपाईको गाउँमा धर्म परिवर्तन गर्ने छन कि छैनन् ?

क) छ ख) छैन

५. तपाईहरु मन्दिरभित्र प्रवेश गर्न पाउनुहुन्छ कि हुदैन ? हुदैन भने किन ?

..........................................................................................

६. पुजारीले टिका लगाइदिन्छन कि दिदैनन् ?

क) दिन्छन ख) दिदैनन्

७. तपाईको गा.वि.स. अन्तर्गत मन्दिर, चर्च छन कि छैनन् ?

क) छन ख) छैनन्

८. धर्म परिवर्तन पश्चात तपाईको र तपाईका परिवारमा के कस्ता परिवर्तन आए ?

..........................................................................................

९. धार्मिक कार्यमा खर्च गर्नु हुन्छ कि हुँदैन ?

क) गर्छु  ख) गर्दिन

१०. धर्मले भेदभाव गरेको छ कि छैन ?

क) छ  ख) छैन